# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ४१ पूर्णाङ्क १३९ | २०७५ चैत २५ गते सोमबार | Monday, Apr. 8, 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-


## ३८ लेखकले गरे प्रलेसबाट विद्रोह

काठमाडौं- प्रगतिशील लेखक सङ्घ (प्रलेस) बाट ३८ जना लेखकहरुले विद्रोह गरेका छन् । संघमा आवद्ध सल्लाहकार परिषद् सदस्य, केन्द्रीय पदाधिकारी तथा सचिवालय सदस्य र केन्द्रीय सदस्य तथा राष्ट्रिय परिषद सदस्य समेत गरी ३८ जनाले संघबाट विद्रोह गर्दै अग्रगामी सांस्कृतिक आन्दोलनका लागि साझा मञ्च निर्माणको पहल सुरु गर्न आह्वान गरेका छन् ।

संगठनात्मक क्षेत्रमा विचार-प्रतिबद्ध र संगठन-सम्बद्ध लेखक-प्रतिभाहरूको साझा मञ्चका रूपमा संघले आफूलाई विकास गर्न नसकिरहेको भन्दै असन्तुष्टले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पछिल्ला दिनमा खास पार्टीसँग प्रत्यक्षतः असम्बद्ध सल्लाहकारहरू, केन्द्रीय पदाधिकारी तथा सदस्यहरूलाई भेला, बैठक, कार्यक्रम र छलफलमा सम्पूर्णतः निषेध गर्ने नेतृत्वको कार्यशैलीले प्रलेसलाई साझा मञ्चका रूपमा अघि लैजान नदिने अवस्था देखियो ।'

वैचारिक बहस गर्ने र भिन्न द्वन्मत राख्ने सदस्यहरूलाई ...बाँकी ८ पेजमा

# बन्दुक उठाउने हिम्मत गरे सत्ता पल्टाउन सकिन्छ : *किरण*

# अब संघीय जनगणतन्त्रको लडाइँ सुरू भयो : *गौरव*




काठमाडौं । २९ औं ऐतिहासिक जनआन्दोलन दिवसको अवसरमा आयोजित विशाल जनप्रदर्शन तथा पार्टीको क्रान्तिकारी संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको भव्य उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले छरिएर रहेका सबै कम्युनिस्ट क्रान्तिकारीहरूले एकताबद्ध भएर बन्दुक उठाउनेसम्मको हिम्मत गरे पुरानो सत्ता र व्यवस्था पल्टाउन सकिन्छ भनेका छन् । आइतबार काठमाडौंको भृकुटीमण्डपमा आयोजित विशाल जनसभालाई सम्बोधन गर्दै महासविच किरणले क्रान्तिकारी कम्युनिस्टहरू, राष्ट्रवादी शक्तिहरू र प्रगतिशील शक्तिहरू एकताबद्ध भएर संघर्षको प्रक्रियालाई अगाडि बढाउने हो भने ओली नेतृत्वको दुई तिहाइ सरकार मात्रै होइन राणा शासनदेखि कायम रहँदै आएको पुरानो सत्ता तथा व्यवस्था पल्टाउन सकिने दावी गरेका हुन् ।

महासचिव किरणले भने, "अहिले जनआन्दोलन, सडक आन्दोलन अगाडि बढाउने हो । तर आवश्यक पर्‍यो भने बन्दुक पनि उठाउनु पर्दछ । डराएर हुँदैन । न्याय र अधिकारका लागि बन्दुक उठाउनु जनताको अधिकारको विषय हो । बन्दुक उठाउने हिम्मत गर्ने हो भने सत्ता पल्टाउन सकिन्छ ।"

चैत्र २४ जनआन्दोलन उत्कर्षमा पुगेको दिन भएको र धोका र गद्दारीका ...बाँकी ७ पेजमा

## देजमो ७ नं. प्रदेशको भेला सम्पन्न



कैलाली । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको ७ नं. प्रदेश भेला आइतबार अत्तरियामा सम्पन्न भएको छ । भेलाले रामबहादुर केसीको संयोजकत्वमा १७ सदस्यीय कमिटि निवा्चित गरेको छ । कमिटिका सदस्यहरूमा बिष्णुराम दमाई, शिवबजगाई, चन्द्रलाल चौधरी, बहादुर चाँड, मदन बिष्ट, चन्द थापा, अशोक ओली, रमेश विक, मणिकराज भट्ट, लोकबहादुर ...बाँकी ७ पेजमा

## त्रिचन्द्रमा अखिल क्रान्तिकारी र प्रहरीबीच झडप

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको चैत्र २४ गते काठमाडौंको भृकुटीमण्डपमा हुन गइरहेको राष्ट्रिय सम्मेलनको तयारीको प्रचार प्रसारका लागि सहयोगी हातहरू बढाउँदै शुक्रवार दिउँसो त्रिचन्द्र कलेजको बाहिरी पर्खालमा वालेन्टिङ गर्दै गरेका बखत अखिल (क्रान्तिकारी) को टिमलाई डीएसपीको कमाण्डमा आएको प्रहरीले हस्तक्षेप गरी वालपेन्टिङ गर्नबाट रोक्न खोज्दा भिडन्त हुन गएको छ । भिडन्तमा प्रहरी टीम र विद्यार्थी टिमको लामो सामयसम्म तानातान र धकेलाधकेल भएको थियो । हात हालाहालको स्थिति नै उत्पन्न भएपछि प्रहरीले अश्रुग्यास प्रहार गर्ने टिमलाई अघि बढाएको थियो । मोर्चाको सम्मेलनका लागि सहयोगार्थ वालपेन्टिङ गरिरहँदा प्रहरीको यो क्रियाकलाप देखेर युवाहरू आक्रोशित भएका थिए । वालपेन्टिङका लागि लिइएका रङहरू पोख्याइदिने र ब्रशलगायतका सामग्रीहरू जफ्त गरिदिने कामहरू गर्नथाले पछि भिडन्तको अवस्था नै सिर्जना भएको एक सहभागीले बताए । प्रहरीसँगको भिडन्तको क्रममा प्रहरीलाई छेकेर भिड्दै एउटा नारासम्म लेखिएको बताइएको छ । 'चैत्र २४ ...बाँकी ७ पेजमा

## देजमो प्रदेश नम्बर एकको भेला भव्य रूपमा सम्पन्न

### देजमो क्रान्तिको साधन र संघर्षको मोर्चा हो, अग्रगामी निकास भनेको नयाँ जनवादी क्रान्ति नै हो : *हरिभक्त कँडेल 'प्रतिक'*



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल प्रदेश नम्बर एकको प्रथम प्रदेश भेला धरानस्थित गीता भवनमा विहीवार भव्यरूपमा सम्पन्न भएको खबर प्राप्त भएको छ । प्रदेश भेलाले नगेन्द्र राईलाई संयोजकका रूपमा चयन गरेको छ । राईको संयोजकत्वमा ३१ सदस्यीय प्रदेश सम्मेलन आयोजक समिति गठन गरिएको हो । ३१ सदस्यीय मितिमा आठ सदस्यपछि थप्ने पनि बताइएको छ । ...बाँकी ८ पेजमा

## भेलामा आउँदा विद्यार्थी नेता शाही गिरफ्तार



सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी)को क्रान्तिकारी संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा सहभागि हुन दैलेख र सुर्खेतबाट आउँदै गरेको चारवटा बसलाई प्रहरीले सुर्खेतको छिन्चुमा रोकेको छ । बस रोकेर व्यापक खान तलासी गरी अखिल (क्रान्तिकारी) का केस हिक्मत शाहीलाई प्रहरीले गिरफ्तार गरेको छ ।

यस विषयमा प्रहरी प्रशासनसँग सम्पर्क गर्न खोज्दा छिन्चु प्रहरी चौकीका प्रहरी निरीक्षक निरज चौलागाईले विद्यार्थी नेता शाहीलाई सुर्खेत मालपोत कार्यालयका अधिकृतलाई कालोमोसो दलेको आरोपमा पक्राउ गरिएको दावी गरे । हिरासतमा राखी थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा पठाउने तयारीमा रहेको निरीक्षक चौलागाईले बताए ।

शाहीलाई विनाकारण गिरफ्तार गरिएको भन्दै बसमा सवार क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरू आक्रोशित बनेका छन् र प्रहरी प्रशासनको ज्यादती र हस्तक्षेपका विरुद्ध नाराबाजी समेत गरेको पार्टीका केन्द्रीय सदस्य ...बाँकी ७ पेजमा

## देजमोको बिराट जनप्रदर्शनले दिएको सन्देश

देशभक्त जनगणतान्त्रिक मोर्चा (देजमो) नेकपा (क्रान्तिकारी माओवादी) को क्रान्तिकारी संयुक्तमोर्चा हो । चिनियाँ जनवादी क्रान्तिको अनुभवका आधारमा माओले भन्नु भएको चिनियाँ क्रान्तिलाई सफलतामा पुऱ्याउन तीनवटा हतियार, जसलाई उहाँले क्रान्तिका तीनजादुगरी हतियारको महत्वपूर्ण भूमिका रहेको र ती तीन जादुगरी हतियार क्रमसः पार्टी, सेना र मोर्चा थिए । माओले क्रान्तिलाई सफलतामा लैजान उपयोग गरेका तीन हतियार

अहिले विश्वका क्रान्तिकारी कम्युनिस्टले गर्ने क्रान्तिका लागि पनि उत्तिकै महत्वपूर्ण छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) ले पनि यी तीन हतियारलाई नेपाली क्रान्तिका लागि अनिवार्य मान्दै आएको छ । त्यसकै लागि केही वर्षदेखि उसले पार्टीलाई लेनिनवादी स्प्रीट, जसलाई बोल्सेविक स्प्रीट भनिन्छ, विकास गर्ने काममा काफी सफलता हासिल गरेको छ । अब उसको ध्यान अन्य बाँकी दुई हथियारहरू अर्थात् सेना र मोर्चाको विकासमा लगाएको छ ।

**२०४७ को चैत्र २४ गते जनआन्दोलनको उत्कर्षको दिन हो, जुन दिनको क्रान्तिकारी कम्युनिस्टहरूका लागि ऐतिहासिक महत्व छ । यही ऐतिहासिक जनआन्दोलनको दिन देशभक्त जनगणतान्त्रिक मोर्चाको आव्हानमा काठमाडौंको भृकुटी मण्डप प्रदर्शनीमार्गमा विराट जनप्रदर्शनका साथ त्यसको प्रथम राष्ट्रिय सम्मेलन सुरू भएको छ । देजमोले यो आन्दोलनलाई अग्रगामी परिवर्तन चाहने सबै नेपालीको साझा कार्यक्रमका रूपमा अघि बढाउन चाहेको छ ।**



● हुकुम बहादुर सिंह ●

यहि नेकपा (क्रान्तिकारी माओवादी) को क्रान्तिकारी संयुक्तमोर्चा वा देशभक्त जनगणतान्त्रिक मोर्चा(देजमो)को प्रथमराष्ट्रिय सम्मेलन यही चैत्र २४गते काठमाडौंको प्रदर्शनीमार्गस्थित भृकटी मण्डपमा विराट जनप्रदर्शनका साथ नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण'को प्रमुख आतिथ्यमा उद्घाटन गरिएको छ । र यसको बन्द सत्र २२ र २३ गते काठमाडौंको पुरानो बानेश्वरस्थित ओम साई क्याटरिंगमा भइरहेको छ ।

चैत्र २४ गते नेपालको इतिहासमा काठमाडौंका जनताले नेपालका क्रान्तिकारी कम्युनिस्टहरूको संयुक्तमोर्चा 'संयुक्त राष्ट्रिय जनआन्दोलन समिति'को आव्हानमा राजाको नाकै अगाडि 'दरवार मार्ग' वपिरि बृहत ...बाँकी ७ पेजमा

## सम्पादकीय

### बर्खा अगावै आँधी पीडितका घर टहरा निर्माण गर

आँधीहुरीले घरटहरा भत्काइएको तराइका बस्तीहरू अझै पनि सामान्य रूपमा पनि बस्न लायकका बनाइएका छैनन् । वितरण गरिएका भनिएका कम्मलहरू र त्रिपालहरू पर्याप्त पनि छैनन् ।  त्रिपालमुनिको बास आफैमा असुरक्षित छन् । हावा चलेको चल्यै छ । उसै त चैते हुरी, त्यसमा पनि कच्ची घरहरूसम्म उडाइएका मानिसहरू निकै चिन्तित र आकुल ब्याकुल छन् । तर ठोर र भनेकै जस्तो न त त्यहाँ सहयोगी हातहरू पुगेका छन्, न त राहत सामग्री नै । बरु राहत सामग्री वितरणका नाममा सेल्फी लिने र फेसबुकमा निकै हल्लाखल्ला गर्ने प्रचारमुखी, तर काम केही पनि नहुने कामहरू भइरहेका छन् । यसका कारणले स्थानीय जनता पनि वाक्कदिक्क छन् । उनीहरू राहतले घर बन्ने पनि देखेका छैनन् र साँझ विहानको छाक टारिने पनि देखिरहेका छैनन् । उनीहरू त ओली सरकार र यसको जनतालाई हेर्ने गलत नीति देखेर आजित भएका छन् । गर्नुपर्ने सरकारले त्यो पनि कही पनि पहल भएको छैन । जान त स्थानीय पीडितहरूका घरमा स्थानीय, प्रदेश तथा संघीय सरकारका घाघडान भनिने नेताहरू पनि नपुगेका होइनन्, तर राहत र उनीहरूको समस्या भने ज्युँका त्युँ छन् ।

स्थानीय पीडित जनताको देखाउनका लागि र रमाइलो गर्नका लागि हामीहरूलाई सेल्फीमा नबेचियोस् भन्ने गुनासो रहेको छ । उनीहरू ढुक्क भएर आफ्नो काम गर्न चाहन्छन् । आँधीले निम्त्याएको यो पीडाबाट छिट्टै छुटकारा चाहन्छन् । तर उनीहरूसँग न त बजेट छ, न त सहयोगी हातहरू नै । तर दुनियाँ भने उनीहरूलाई देखाएर आफ्नो स्वार्थ पूरा गर्ने दाउँमा लागेको छ । यो हामी नेपाली जनताका लागि पाच्य छैन । तर सरकारले आवश्यक र व्यवहारिक कदम अहिलेसम्म चालेको देखिएको  छैन । सरकार त आफैमा अलमल परेको देखिन्छ । उसका अनुसार सही र नक्कली पीडिहरू छुट्टयाउन गाह्रो भएको कुरा गर्न थालेको छ । यो कुरा गर्दै गर्दा यसलाई राजनीति गर्ने र मागी खाने भाँडो बनाउने संभावना पनि देखिन्छ ।  अर्को कुरा यदि यही कुरा नै गरिरहने हो भने जनताका लागि राहत लगिने वा पुरयाइने छैन । वास्तविक पीडित जनता मारमा परिरहने छन् । यसको अन्त्य तत्कालै गरिनु जरुरी छ । को वास्तविक र को अवास्तविक पीडितहरू हुन् भन्ने कुरा त्यहाँका स्थानीय जनताले थाह पाउँछन् । अहिले स्थानीय सरकार पनि बनेको छ । स्थानीय सकारमार्फत् यी वास्तविक पीडितहरूसम्म पुग्न सकिन्छ । यो मेलोमेसो ओली सरकारले बेलैमा थाह पाउनु पर्छ  । ओली सरकार उखानटुक्काको जोहोमा होइन, पीडित जनताका आवश्यक सामग्रीहरूको जोहोमा लाग्नु पर्छ । यसका लागि केही एकमुष्ठ रकम तथा स्थानीय सामग्रीको सदुपयोग गरेर विश्वासका साथ पीडितहरूको घर बनाउन लाग्नु पर्छ । स्थानीय पीडितहरू यति धेरै आतंकित र त्रसित छन् कि उनीहरू मानौ कमजोर खालको घर निर्णमा फेरि लागियो भने आँधीले उही हाल बनाइदिने छ । त्यसैले उनीहरू कुन मोडलको घर बनाउने भन्नेमा ढुक्क देखिदैनन् । उनीहरूलाई सरकारले ढुक्कता दिलाउनु पर्छ । राहतका साथै शुन्य व्याजदरमा उनीहरूलाई राहत ऋण पनि उपलब्ध गराउनु पर्छ ।

यसका लागि सरकारले पीडित घर कुरियाको छनौट र गनौट गरी आवश्यक रकम उपलब्ध गराउनु र्छ । यो काम रातातारात मन्त्री परिषदको वैठक बसेर गर्नु गराउनु पर्छ । आफूहरूको सेवा सुविधा बढाउन निर्विवाद रूपमा मध्य रातमा पनि बिल पास गर्ने मन्त्री तथा सांसदहरू आँधी पीडितका लागि भने केही पनि बोलिरहेका छैनन् । यो कार्य आम नेपालीका लागि निकै पीडाको विषय बनिरहेको छ । हरेक समस्या आफैमा केही नयाँ गर्नका लागि एक अबसर पनि हो । यही मनन गरेर यो पीडालाई एक नमूनाका रूपमा सम्पन्न गर्न सरकारले ठोस कदम चाल्नु पर्छ । बर्खा अगाबै आँधी पीडितहरूको घरबास बनाइयोस् ।


## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।
४. लेख वा समाचार पठाएपछि ९८६०५०३९८३/९८५११३४८३० वा ०१-४७८५७६३ मा फोन गरी जानकारी गराउन हुन अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्नें र पढ्ने गरौं ।
www.moolbato.com

# मालेमावाद, रक्षा विकास र प्रयोग


हस्तबहादुर के.सी.

***मार्क्सवादका तीनवटै अंगहरूको तोडमोड तथा अपव्याख्या गर्नु संशोधनवाट हो । अन्तर्राष्ट्रिय विरोधमा मार्क्स एंगेल्सलो जोडदार रूपमा संघर्ष चलाउँदै आउनु भयो । पुँजीवादले संशोधनवादको वर्गीय स्वरूप निम्न पुँजीवाद हो र यसले पुँजीवादको सेवा गर्दछ । संशोधनवाद अन्तर्राष्ट्रिय परिघटना हो । मार्क्स-एंगेल्स, लेनिन, स्टालिन, माओले संसोधनवानका विरूद्ध डटेर संघर्ष गरेर मार्क्सवादको रूक्षा, प्रयोग र विकास गर्नु भयो***

२००६ साल वैशाख १० गते नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको हो । आज नेपाली कम्युनिष्ट आन्दोलनले ६९ वर्ष पुरा गरिसकेको छ । नेपाली कम्युनिष्ट आन्दोलनको यसले विविध प्रकारका आरोह-अवरोह घुम्तिहरू तथा ऐतिहासिक अवधिमा वर्ग संघर्ष र अन्तरसंघर्ष अत्यन्तै जटिल, बाङ्गा-टिङ्गा र कहाली लाग्दा घुम्तिहरू पार गर्दै तथा विभिन्न ट्रेनहरू समेत पार गर्दै गुट तथा फूट, विभाजन, धुव्रिकरण र पुनः विभाजन अनि एकता जस्ता अत्यन्तै तीता मिठा अनुभवहरू प्राप्त गरेको भएता पनि आज क्रान्ति र प्रतिक्रान्तिका वीचबाट महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने काम भने बाँकी नै छ ।

आज नेपालमा दक्षिणपन्थी संशोधनवाद अत्यन्तै नांगो ढंगले अगाडि बढिरहेको छ । यसले कम्युनिष्ट पार्टीको नाममा दुई तिहाइको सरकार बनाएर एकातिर जनतालाई भ्रमित पारिरहेको छ भने अर्को तिर समाजवादको नारा दिँदै सामाजिक र फाँसीवादी सत्ता चलाई रहेको छ । यस प्रकारको परिस्थितिमा दक्षिणपन्थी संशोधनवादलाई परास्त गरेर क्रान्तिकारी कम्युनिष्ट पार्टीलाई साँच्चिकै क्रान्तिकारी वनाई राख्नका निम्ति वैचारिक ज्वारभाटाका रूपमा उठाउन जरुरी छ । नेपालमा महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर मात्र साँचो अर्थमा मार्क्सवाद-लेलिनवाद माओवादको प्रयोग, रुक्षा र विकास गर्न सकिन्छ र विचारको विकास गर्न सम्भव हुनेछ ।

***नेपाली क्रान्तिको प्रमुख खतराको रूपमा दक्षिणपन्थी संशोधनवाद***

सिंगो नेपाली कम्युनिष्ट आन्दोलनको ६९ वर्षको इतिहासमा आन्दोलन(पार्टी) भित्र घुस्न सफल भएको दक्षिणपन्थी संशोधनवाद महान् नेपाली क्रान्तिको प्रमुख खतराको रूपमा खडा हुँदै आएको छ । यसको चिरफार गर्न र सिंगो नेपाली कम्युनिष्ट आन्दोलनबाट परास्त गर्न जरुरी छ ।

मार्क्सवादका तीनवटै अंगहरूको तोडमोड तथा अपव्याख्या गर्नु संशोधनवाट हो । अन्तर्राष्ट्रिय विरोधमा मार्क्स एंगेल्सलो जोडदार रूपमा संघर्ष चलाउँदै आउनु भयो । पुँजीवादले संशोधनवादको वर्गीय स्वरूप निम्न पुँजीवाद हो र यसले पुँजीवादको सेवा गर्दछ । संशोधनवाद अन्तर्राष्ट्रिय परिघटना हो । मार्क्स-एंगेल्स, लेनिन, स्टालिन, माओले संसोधनवानका विरुद्ध डटेर संघर्ष गरेर मार्क्सवादको रुक्षा, प्रयोग र विकास गर्नु भयो ।

वास्तवमा संशोधनवाद दक्षिणपन्थी मध्यपन्थी र उग्रपन्थी गरी तीन धारामा विभाजित हुँदै विभिन्न चरणमा, विभिन्न रूपमा देखिदै आएको छ ।

***नेपालमा प्रकट भएको संशोधनवाद :***

नेपालमा प्रकट भएको संशोधनवाद दक्षिणपन्थी संशोधनवाद हो । यो अत्यन्तै अवसरवादी प्रवृत्ति व्यवहार र आचरणबाट क्रान्तिकारी कम्युनिष्ट पार्टीभित्र घुसेर पार्टी र क्रान्तिलाई ध्वस्त पार्दै आएको छ ।

वस्तुत : संशोधनवाद अन्तर्राष्ट्रिय परिघटना हुनुको कारण त्यसको असर नेपालमा पनि पर्नु स्वाभाविकै थियो र पऱ्यो पनि । नेपालमा कम्युनिष्ट पार्टीको स्थापना प्रारम्भमा नै पार्टीले नेपालमा सामन्तवाद-साम्राज्यवाद तथा भारतीय हस्तक्षेपका विरुद्ध जनताको जनवादी क्रान्ति सम्पन्न गर्नु पर्ने आवश्यकता औल्याउँदै नेपाली नयाँ जनवादी क्रान्तिलाई न्यूनतम लक्ष्य र वैज्ञानिक समाजवाद तथा साम्यवादलाई अधिकतम कार्यक्रम ठोस गरेको थियो ।

तर वि.सं. २०१० सालदेखि नै नेपालमा संशोधनवाद विभिन्न रूपमा देखा पर्दै आएको छ । यस विषयमा मोहन वैध किरण अगाडि लेख्नुहुन्छ - “२०४६ सालको जनआन्दोलनदेखि २०५२ सालमा ने.क.पा (माओवादी) द्वारा सञ्चालित महान् जनयुद्धको प्रक्रिया हुँदै अहिलेसम्म आउँदा नेपालमा मूलतः दुई प्रकारका संशोधनवाद र जडसूत्रीय संशोधनवाद बहुलवादी संशोधनवाद र जडसूत्रीय संशोधनवाद बहुलवादी संशोधनवादको प्रतिनिधित्व नेपाल कम्युनिष्ट पार्टी (एमाले) र जडसूत्रीय संशोधनवादको प्रतिनिधित्व र मसाल समुहबाट हुँदै आएको छ । नेपालमा संच्चा क्रान्तिकारी कम्युनिष्टहरूद्वारा संशोधनवादको विरोध र मार्क्सवादको पक्षमा क्रान्तिलाई अगाडि बढाउने काम हुँदै आएका छन् ।” मोहन वैध, किरण, मार्क्सवादी दर्शन, पुष्ट ३७७, प्रगतिशील अध्ययन केन्द्र, काठमाण्डौ, २०६७ पौस ११ गते । माथि उल्लेखित मोहन वैध किरणको विश्लेषण ज्यादै सान्दर्भिक छ ।

आज तत्कालीन नेकपा(माले) नेकपा (एमाले) मा विलय भएर बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले नै बहुलवादी संशोधनवादको प्रतिनिधित्व गरिरहेको छ । यसले पार्टीको नाम पनि कम्युनिष्ट र पार्टीको झण्डा पनि फहराइरहेको छ । समाजवादलाई आफ्नो कार्यनीति बनाएको छ । मार्क्सवाद -लेनिनवाद जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्त स्वीकार्ने वताएको छ । यी सबै भ्रम ढवाङ मात्रै हो । यो डब्बल नेकपा कम्युनिष्ट त के सामान्य वामपन्थी समुह पनि होइन, किनकि यसले मार्क्सवादका सम्पूर्ण सार्वभौम सिद्धान्तहरू परित्याग गरिसकेको छ । वर्ग र क्रान्तिप्रति गद्धारी गरिसकेको छ । दलाल तथा नोकरशाही पुँजीपति वर्ग र सामन्तवादी वर्गको रक्षा गर्ने गरि  दलाल सरकारको नेतृत्व गरिरहेको छ र सामाजिक फाँसीवादी सत्ता चलाइरहेको छ ।

तर कम्युनिष्ट पार्टीको नाम दिइरहेको छ र कम्युनिष्टको दुई तिहाइ बहुमतको सरकारको नारा पनि दिइरहेको छ । यी सबै उसका क्रियाकलाप र भलाई जनतालाई झुक्याउने भ्रमजाल मात्रै हुन् । आज वर्तमान नेपाली कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवाद ज्यादै मौलाएको छ, जरा गाडेको छ, र दक्षिणपन्थी संशोधनवादको हावाहुरी ज्वारभाटाको रूपमा खडा हुन पुगेको छ । आज नेपाली क्रान्तिको प्रमुख खतराको रूपमा दक्षिणपन्थी संशोधनवाद खडा हुन पुगेको छ । क्रान्तिकारी कम्युनिष्टहरूले कठोर संघर्ष गरेर क्रान्तिलाई विजयको शिखरमा पुऱ्याउनु पर्ने दायित्व आइपरेको छ । महान् नेपाली क्रान्ति अवश्यभावी छ ।

***नेतृत्वमा पैदा हुँदै आएको निम्न पूँजीवादी चिन्तन (Petty Burgoulse Thinking)***

२००६ सालमा पार्टी स्थापना भए यता ६९ वर्षको यस ऐतिहासिक अवधिका विभिन्न काल खण्डहरूमा पार्टी संस्थापक महासचिव कमरेड पुष्पलाललाई छोडेर मनमोहन अधिकारी हुँदै पुष्पकमल दाहाल “प्रचण्ड” सम्म आई पुग्दा विभिन्न धारामा रहेका कम्युनिष्ट पार्टीका मुख्य नेतृत्वमा रहेको सबै नेतृत्वहरूमा निम्न पुँजीवादी चिन्तन ९एभततथ द्यगचनयगष्कभ त्जष्लपष्लन० पैदा हुँदै आयो । यस प्रवृत्तिले नेपाली कम्युनिष्ट आन्दोलन र महान् नेपाली क्रान्तिलाई गंभीर प्रकारको क्षति पुऱ्याउँदै आएको छ ।

निम्न पुँजीवादी चिन्तनको श्रोत पुँजीवाद अर्थात नीजि सम्पत्ति र नीति स्वार्थ नै हो । खास गरि निम्न पुँजीवादी चिन्तन भनेको क्रान्ति प्रति ठूलो आकांक्षा राखेर पनि व्यवहारमा जान नखोज्ने कठोर धैर्यपूर्ण र बलिदानीपूर्ण कामलाई केन्द्रीत गरेर हेर्न नसक्ने, व्यक्तिगत वीरता र साहसका कामलाई ठूलो देख्दै राजनीतिक लाइनलाई महत्वका साथ हेर्न नसक्ने आदि धेरै थरिका कमजोरी भएको निम्छरो मनोवृत्तिलाई निम्न पुँजीवादी चिन्तन भनिन्छ । एकपक्षीय दृष्टि, कुपमण्डुपता, संकिर्णता, आत्मवल र आत्मविश्वासको अभाव, व्यक्ति निष्ठा र व्यक्तिवाद आदिबाट पनि यसको अभिव्यक्ति हुने गर्दछ ।

पुष्पलाल वाहेक अन्य मनोमोहन अधिकारी हुदै दश वर्षे जनयुद्धको नेतृत्व गर्दै आएका पुष्पकमल प्रचण्ड समेत पहिले नेतृत्वमा पुगुन्जेल र स्थापित हुने वेला सम्म खुवै क्रान्तिकारी देखिने र जब क्रान्तिका जटिल मोड र परिस्थिहरूको सामना गर्दै क्रान्तिलाई अगाडि वढाउन निरन्तर क्रान्तिकारी नेतृत्व दिन नसकेर आत्मसमर्पण गरेर क्रान्ति र सिंगो आन्दोलनलाई गंभीर धोका दिएको उदाहरण हाम्रा सामु छर्लङ्गै छ । यसको पछिल्लो उदाहरण महान् दश वर्षे जनयुद्धको नेतृत्व गरेर आएको मुख्य नेतृत्वले आत्मसमर्पण गरेर पार्टीलाई एमालेमा विलप गराएर महान् दशै वर्ष जनयुद्धका सम्पूर्ण उपलब्धीहरूलाई प्रतिक्रियावादी सत्तालाई वुझाएर प्रतिक्रियावादी सत्तामा सामेल भएको उदाहरण ताजै छ विश्व जनताका सामु ।

यस प्रवृत्तिले क्रान्तिका महान् संभावनाहरू हुँदाहुदै पनि नेपालमा मालेमावादको प्रयोग, रक्षा र विकास गर्ने सवालमा गंभीर प्रकारको समस्याका रूपमा खडा हुँदै आएको छ । निम्न पुँजीवादी चिन्तन (Petty purgouise) लाई भीषण वैचारिक संघर्षका माध्यमबाट परास्त गरेर मात्र साँचो अर्थमा नेपालमा मार्क्सवादलाई प्रयोग गर्न सकिन्छ ।

***स्कुलिङको अभाव***

क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले पार्टी स्कुलहरू निर्माण गरेर आफ्ना नेता, कार्यकर्ताहरूलाई स्कुलिङको माध्यमबाट राजनीतिक वैचारिक रूपमा लेस गराउने नीति अवलम्बन गरेका हुन्छन् । यसको राम्रो प्रयोग लेनिन माओ हो चिमिन्ह, किम इल सङ, फिडेल क्र्यास्त्रो, चे ग्वेभारा आदिले उदाहरण प्रस्तुत गरेको इतिहास छ । नेपाली कम्युनिष्ट आन्दोलन भित्र विभिन्न ‘स्कुल अफ थट’ को प्रचलन रहयो । तर विचारका आधारमा चल्ने भएकाले सही ढंगले कुनै पनि स्कुलिङ उदारहणीय वन्न सकेनन् ।

नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा विभिन्न स्कुल अफ थट देखापरेका छन् । नेपालमा धेरै पहिले कम्युनिष्ट ‘स्कुल अफ थट’ प्रवेश गरेको थियो । त्यसपछि यसमा विभिन्न समय, समाज र वर्गसङ्घर्षको गतिअनुसार विभिन्न रुझान देखापर्ने भयो । लेनिन र स्टालिनहरूको नेतृत्वमा रुसमा १९१७ भएको समाजवादी क्रान्तिले संसारभरि समाजवादको प्रचार गऱ्यो । यो क्रान्तिले विश्वभर नै एक प्रकारले नयाँ प्रकारको कम्युनिष्ट‘स्कुल अफ थट’ पैदा गऱ्यो । नेपालमा पनि त्यसको प्रभाव नपर्ने कुरा थिएन ।

यही कम्युनिस्ट ‘स्कुल अफ थट’ देशमा रहेको कारण कमरेड पुष्पलालको नेतृव्मा कम्युनिष्ट पार्टी गठन भयो । कम्युनिष्ट पार्टीको गठन गर्नु र त्यसले जनवादी सत्ता स्थापना गर्नका लागि सङ्घर्ष तय गर्नु पनि ‘स्कुल अफ थट’ ले नै काम गरेको हो । कम्युनिष्ट पार्टीको गठन भैसकेपछि नेपालको कम्युनिष्ट आन्दोलनमा विभिन्न प्रकारका ‘स्कुल अफ थट’ देखापरे । पुष्पलालको ‘स्कुल अफ थट’ देखापऱ्यो । पुष्पलालको ‘स्कुल अफ थट’, तुलसीलालको ‘स्कुल अफ थट’, केशरजङ्ग रायमाझीको ‘स्कुल अफ थट’, नेपाल कम्युनिष्ट आन्दोलनको पहिलो पुस्ताको ‘स्कुल अफ थट’ भए । मनमोहनहरू केशरजङ्ग रायमाझीको ‘स्कुल अफ थट’ वाट प्रभावित थिए । यो ‘स्कुल अफ थट’लाई दोस्रो पुस्ताको ‘स्कुल अफ थट’ ले विस्थापन गऱ्यो । त्यसमा मोहनविक्रमको ‘स्कुल अफ थट’ निर्मल लामाको ‘स्कुल अफ थट’ र झापा विद्रोहीहरूको ‘स्कुल अफ थट’ प्रमुख रहे ।

झापा विद्रोहको क्रान्तिकारी नेता कमरेड चारु मजुमदारको ‘स्कुल अफ थट’ प्रभावित भयो । यो आफ्नै प्रकारको सोचविचार नभएर अर्काको अन्धानुकरण भएको कारण झापा विद्रोह सही भए पनि यो ‘स्कुल अफ थट’ दिगो जान सकेन । त्यतिबेलाका नेताहरू विस्तारै पञ्चायतमा प्रवेश गरे । पछि संसदवादी बने र अहिले अहिले त्यो महान् झण्डा उठाएको इतिहासप्रति पश्चाताप गरिरहेका छन् । अहिले उनीहरू कुनै न कुनै तरिकाले आपसमा आफूलाई साम्राज्यवादको अब्बल दर्जाको चाकरका रूपमा देखाउन निर्लज्ज तरिकाले प्रतिस्पर्धा गर्दै आएका छन् र साम्राज्यवादको आशीर्वाद प्राप्त गरेको गर्व गर्छन् झापा विद्रोहको नेताहरू अन्ततः रायमाझी ‘स्कुल अफ थट’ मा विसर्जित भए । तर आफ्नै स्वत्वसहितको ‘स्कुल अफ थट’ निर्मल लामा र मोहनविक्रममा विकास भएको कारण त्यसले अहिले पनि समाजमा कुनै न कुनै प्रकारले प्रभाव पारी नै रहेको छ ।

कम्युनिष्ट आन्दोलनको दोस्रो पिँढीको ‘स्कुल अफ थट’लाई तेस्रो पिँढीको ‘स्कुल अफ थट’ ले विस्थापित गऱ्यो किनकि दोस्रो पिँढीको ‘स्कुल अफ थट’ ले क्रान्तिकारी आन्दोलनको गुणात्मक विकास गर्न सकेन । तेस्रो पिँढीमा पनि विभिन्न रुझानहरू सोचाइहरू सही र वैज्ञानिक प्रकारका रहेनन् । नेपाली समाजमा प्रचुर प्रभाव पारेको तेस्रो पिँढीको ‘स्कुल अफ थट’ भनेको प्रचण्डको हो । त्यसमा बाबुराम पर्नी जोडिन्छन् र यसलाई प्रचण्ड-बाबुराम ‘स्कुल अफ थट’भन्दा ठिक हुन्छ । यो ‘स्कुल अफ थट’ नेपालमा एउटा सशक्त प्रभाव छाडेको छ ।

यो निकै प्रभावकारी थियो । सशक्त प्रकारको थियो । प्रचण्ड -बाबुरामहरूको ‘स्कुल अफ थट’ पनि अन्ततः मनमोहनको बाटोमा विसर्जित भयो । एमालेमा विलीन हुन पुग्यो । यही हो प्रचण्ड ‘स्कुल अफ थट’ को प्रभाव भनेको । किनभने प्रचण्ड-बाबुराम ‘स्कुल अफ थट’ ले पछिल्लो चरणमा कार्यकर्ताहरूलाई चन्दा सङ्कलन गर्ने रूपैयाँ पैसा जम्मा गर्ने, पद र प्रतिष्ठाका लागि झगडा गर्ने, बार्गेनिङ गर्ने, सिद्धान्त र नीतिबारे पूरै वेवास्ता गर्ने बनायो । सिद्धान्तले खान दिन्छ ? खानका लागि रूपैयाँ चाहिन्छ भन्ने बनायो ? जनता -सन्ता के मतलब, पहिले आफ्नो दुनो सोझो हुनुपर्छ भन्ने बनायो । सकेजति लुट भन्ने गराइयो । हुन पनि किन नहोस् त्यहाँ क्रान्तिको मुद्दा समाप्त भयो । देशको परिवर्तन, समाजको आमूल रूपान्तरण समाप्त भयो । उनीहरू अहिले जनतालाई झुक्याउनका लागि विकास र निर्माणको रित्तो बाजा बजाउँदै हिँडेको छन् ।

प्रचण्ड-बाबुरामको स्कुलिङले नेता, कार्यकर्ताहरूलाई वर्ग वैरीहरूको सामु आत्मसर्पण गर, सबै सिद्धान्त र विचारलाई तिलाञ्जली देउ, एमालेमा जाऊ, कांग्रेसमा जाऊ, जहाँ ...बाँकी ७ पेजमा

# संघीय जनगणतन्त्र नै लोकतान्त्रिक गणतन्त्रको विकल्प हो



❑ सीपी गजुरेल "गौरव", अध्यक्ष- देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल

***देजमोले राष्ट्रिय जनआन्दोलनको अवसर पारेर राष्ट्रिय सम्मेलनको भव्यरूपमा उद्घाटन गर्दैछ । यो समग्र तयारी हेर्दा मोर्चाले नयाँ सन्देश दिन खोजेको देखिन्छ, प्रष्ट पारिदिनोस् न ।***

सचेत ढंगले नै जनआन्दोलनको दिवस पारेर हमीले यो उद्घाटन कार्यक्रम गर्न थालेका छौं । हामीले एक खालको नयाँ सन्देश दिन खोजेका छौं । अहिले नेपालमा जुन खालको राजनीतिक अन्यौलता देखिएको छ । यसले जनतामा ठूलो भ्रम सिर्जना गरेको छ । यो पनि स्पष्ट पार्नु छ ।

जनताका माझमा के कुरा स्पष्ट पार्न चाहन्छौं भने लोकतान्त्रिक गणतन्त्र राजतन्त्र भन्दा एक कदम अघिको कुरा हो तर जनगणतन्त्रभन्दा पश्चगामी र प्रतिगामी नै हो । यसको मतलव हो, वर्तमान लोकतान्त्रिक गणतन्त्रको विकल्प छ, यो भन्दा अगाडि जान सकिन्छ, जाने ठाउँ छ । त्यो हो, संघीय जनगणतन्त्र । त्यसैले लोकतान्त्रिक गणतन्त्र भन्दा अघिको कुरा संघीय लोकतान्त्रिक जनगणतन्त्र हो । हामी त्यसको लागि अघि बढ्नु पर्छ । यही सन्देश हामीले दिन चाहेका छौं ।

***उद्घाटनका कार्यक्रममा मोर्चाले संघर्षका कार्यक्रम सार्वजनिक गर्दैं छ र ?***

आन्दोलनका कार्यक्रम नै हामीले घोषणा गर्दैनौ । तर रानीतिक रूपले एउटा सचेतनामूलक कार्यक्रम भने गर्दै छौं । अब आन्दोलनको आँधीबेहरी सृष्टि गर्नु जरुरी छ । त्यसका लागि तयार भएर बस्नुपर्छ भनी हामीले जनताललाई सुसूचित गर्छौं । हामी कार्यक्रममा उपसिथित जनतामाझ यही सन्देश दिन्छौं पनि । हामीलाई प्राप्त सूचना अनुसार जममा हुने जनताका माझमा यो सन्देश दिइने छ । यदि हामीले केही बढी साधनहरूको व्यवस्था गरेको भए यही उद्घाटन कार्यक्रममा पनि काठमाडौंमा धेरै मानिसहरू उतार्न सक्ने थियौं । हाम्रो सचिवालय वैठकमा सबैतिरबाट यही रिपोर्ट आएको थियो । मानिसहरू जम्मा भएर बसेका थिए । तर काठमाडौं आउने बाहनको संख्या कम भएकाले थोरै मानिस मात्र बसमा हिंडे । हामीसँग साधन नभएकाले आउने चाहना भएका मानिसहरू पनि घर फिर्ता भए । यो बीचमा आर्थिक समस्या रहन गयो ।

अहिले यो देशमा गणतन्त्र आएको छ । सबै संसदीय पार्टीहरूलाई यो व्यवस्था नै अन्तिम व्यपवस्था हो । र, हामी के भन्न चाहन्छौं भने यसको विकल्प छैन भन्ने परेको छ । जनताको यो स्थिति देखिन्छन् । त्यो हामा लागि सकारात्मक कारण र कदम दुवै हो । हामीले ती सबै जनतालाई त्यही सन्देश दिन्छौं कि तपाईहरू तयार भएर बस्नुस् हामी संघर्षका कार्यक्रमहरू लिएर आउँछौं । त्यसपछि कामीले आन्दोलनका कार्यक्रमहरू लिएर जानेछौं । यहाँको शक्ति सुन्लनको स्थित, राजनीतिक स्थिति र यी सबै कुराहरूलाई ध्यानमा राखेर हामी आन्दोलनको घोषणा गर्दछौं ।

***तयारीका कुराहरू गर्नुभयो । प्रहरीले यो तयारीमा निकै बाधा पुर्‍याइरहेको छ । वालपेन्टिङ पनि गर्न नदिने, प्रचारका कामहरूमा अबरोध सिर्जना गर्ने गरिरहको छ, यसकाबीचमा तयारी कसरी हुन्छ त ?***

यो अवरोधले हामीलाई कुनै पनि बाधा पुर्‍याएको छैन । प्रशासनलाई हाम्रा काममा बाधा पुर्‍याउन त निर्देशन दिइएको छ र सोका लागि परिचालन पनि गरिहेको छ, तर त्यो बाधा पन्छाउँदै हामीहरू अघि बढिरहेका छौं । परिचालित राज्य संयन्त्रका यन्त्रहरू पहिले प्रतरोध गर्ने बाधा पुर्‍याउने तर पछि प्रतिवाद गरिसकेपछि । माफी माग्ने र काम सुचारु गर्न दिने गरिरहेका छन् । हाम्रो मूल काममा कुनै बाधा सिर्जना गरेको देखिएको छैन ।

***मोर्चाले आफ्नो नारामा क्रान्तिकारी विकल्प भनेर उठाएका छ । यो क्रान्तिकारी विकल्प भनेको के हो ?***

यो क्रान्तिकारी विकल्प भनेको परिवर्तन हने, आमूल परिवर्तन । अहिले एउटा पार्टीको बहुमत भएको सरकार छ । बहुमत पनि दुईतिहाई छ । संसदीय व्यवस्थामा भएको आवधिक निर्वाचन अनुसार त्यो सकारलाई ५ वर्षसम्म चलाउन सकिदैन । त्यसको संसदीय विकलप नै भनेको पाँच वर्षपछि फेरि त्यसलाई फाल्न संसदीय निर्वाचनमा नै जानु हो । संसदीय व्यवस्थाको परिभाषा अनुसार त्यसको विकल्प नै छैन भन्ने हो ।

अहिले देश, जनता र राष्ट्रिय स्वाभिमानका लागि यति धेरै इस्युहरू छन्, तर प्रतिपय नेपाली कांग्रेस केही पनि गर्न सकिरहेको छैन, सत्ताउन्माद छ, फासीवादी अभ्यास गर्दै गइरहेको छ । यति धेरै इस्युहरू हुँदा पनि प्रतिपक्षी दल केही पनि गर्न सकिराखेको छैन । सत्ताधारी दलको दुईतिहाई बहुमत छ तर प्रतिपक्ष नतमस्तक भएको छ । अहिले यो निर्विकल्प जस्तै भएको छ । विकल्पको खोजी संसदीय पार्टीहरूले गरिरहका छैनन् । के विकल्प नै छैन त ? छ, नयाँ विकल्प छ । तयो हामीहरूसँग छ । वैकल्पिक राजनीतिक शक्ति पनि छ, वैकल्पिक विचार पनि छ, वैकल्पिक लाइन र कार्यदिशा पनि छ । जनता त्यसका लागि तयार पनि छन् ।

देश र जनताका बारेमा केही पनि काम भएको छैन । यो सरकार त निर्वकल्प जस्तो भएको छ । त्यसैले हाम्रा कामहरू यसको विकल्पमा तयारी गरिनु पर्छ । यहाँ त विकल्पका नाममा यो भन्दा प्रतिक्रियावादी, यो भन्दा पश्चगामी कुरा र राजनीति विकल्प त हुन सक्दैन । त्यसकारण यसको सही विकल्प भनेको क्रान्तिकारी शक्ति हो, देशभक्त जनगणतानिन्त्रक मोर्चा हो । नेकपा क्रान्तिकारी माओवादी यसको विकल्प हो र क्रान्तिकारी शक्ति भन्दा अर्को यसको विकल्प हुन सक्दैन । किनभने देशलाई अग्रगमनतिर लान थालिएको छ र लैजानु पर्छ पनि । क्रान्तिकारी शक्तिका रूपमा नेकपा क्रान्तिकारी माओवादी स्थापित भएको छ । मेची महाकाली जनजागरण अभियानका रूपमा जनताका बीचमा जाँदा देशभक्त जनगणतान्त्रिक मोर्चा स्थापित भएको छ ।

वैचारिक रूपमा तयार भइसकेको यो क्रान्तिकारी शक्तिलाई आत्मगत रूपमा पनि तयार परिरहेका छौं । हाम्रो जोड यसैमा छ ।

***नेकपा क्रान्तिकारी माओवादी निकट देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाललाई क्रान्तिकारी संयुक्त मोर्चाका रूपमा पनि लिइएको छ । एक मोर्चाका हिसाबले दशभक्त, प्रगतिशील तथा अन्य शक्तिहरूलाई पनि समेटेर लान सक्ने कस्तो स्थिति देख्नु हुन्छ ?***

यो क्रन्तिकारी विकल्प जनाताका बीचमा अझैं स्थापित हुन बाँकी छ । यो विकल्प हो भन्नेमा सबैको मत र मन त छ, तर व्यवहारमा यसलाई क्रमशः आत्मसात् गरिरहेका छन् । यो बन्ने क्रममा छ । यदि हामी विकल्प बनिसकेका हुने थियौं भने ठूलो ध्रुवीकरण हुने थियो, हाम्रो संगठन र नाराको वरिपरि । वर्तमान सरकार विरोधीहरूको ठूलो धुवीकरण हुन थियो । यतिबेला ध्रुवीकरणको प्रक्रिया देखिएसकेको हुने थियो ।

यो साच्चिको ध्रुवीकरणको केन्द्र बन्छ कि बन्दैन? नबन्दासम्म सरकारको वरिपरि बसेर सुविधा दिलइरहने हो भन्ने पनि छ । यी विविध प्रवृत्तिहरू यो नै ध्रुवीकरणको केन्द्र बन्छ कि बन्दैन भन्नेमा अलमलमा छन् । त्यो समय आउन पनि अब धेरै दन छैन कि झैं लागेको छ ।

***जनगणतन्त्र नै अहिलेको विकल्प हो भनिरहँदा त्यसलाई हासिल गर्ने माध्यम के हो ?***

देशभक्त जनगणतान्त्रि मोर्चाले पहिले जनतालाई नै तयार गर्ने सोच बनाइरहेको छ । जनतालाई गोलबन्द गरेर जनताकै शक्तिबाट यी कामहरू गर्ने सोचमा छ । यसका लागि माध्यम जनआनदोलन र जनविद्रोह हुन सक्छ । त्यसैले यो परिवर्तन ल्याउँछ । संघर्षका थुप्रै रूपहरू हुन्छन् । सशस्त्र संघर्ष र हतियार उठाउने कुराहरू पनि यसै अन्तर्गत पर्दछन् ।

क्रान्तिकारी शक्तिले केही उपाय नलागेपछि मात्र हतियार उठाउँछ । पहिले त उसले जनताका बीचमा गएर जनसंघर्षहरू गर्दछ । हाम्रो पनि तरिका त्यही हुने छ । जनता तयार नहुँदै हिंसाका लागि विद्रोहको झण्डा उठाइयो भने जनातले साथ दिँदैनन् । यो सिद्धिएर जान्छ । त्यसै गरी राज्यले जबर्जस्त हिंसा थोपरेमा जनता आफै सरकारका विरुद्धमा उठेर प्रतिहिंसको जवाफ दिन्छन् ।

जनताले हिंसा पनि तत्काल चाहेका छैनन् । विद्रोह गर्नु जनताको अधिकार हो । जता त्यसका लागि तयार छन् । यो भनेको जनआन्दोलन हो, जनविद्रोह ो । हामीले लडेर नै ल्याएको हो लोकतान्त्रिक गणतन्त्र पनि । यसको सीमित उपलब्धिमा टेकेर हामी अघि बढिरहेका छौं ।

***देशभरबाट शहीद, घाइते तथा अपांगका परिवारहरूसहित ठूलो जनमास जम्मा गरेर विराट प्रदर्शनको तयारीमा हुनु हुन्छ । यो अवस्थामा जनतालाई कसरी आह्वान गर्न चाहनु हुन्छ ?***


विगत क्रान्तिमा शहीद, अपांग, घाइते, वेपत्ता तथा आमजनताले जुन त्याग, बलिदान गर्नुभयो, त्यसको प्रतिफल प्राप्त हुन सकेन । यसका प्रतिक्रियावादी शक्ति त छदै थियो, त्यसमा पनि हाफ्नै पार्टी पंक्तिमा पनि नेताहरूले ठूलो विश्वासघात गरे । गद्दारी गरे । प्रतिक्रान्ति भयो । यो प्रतिगमनले समाजलाई पुरानै अवस्थामा फर्कायो । यस्तो अवस्थामा अबको क्रान्ति पूरा गर्न ती घाइते, योद्धा, सहिद परिवार तथा सबै जनताले अब के काम गरेमा क्रान्ति अघि द्ला भन्नेमा विशेष ध्यान दिनु हुने छ । उहाँहरूको उच्च चेतनाले यो सबै देख्ने छ ।

हामीले थाल्दै गरेको क्रान्तिकारी कार्यभारलाई साकार पार्न उहाँहरूले साथ दिनुहुने छ भन्ने निकै आशा राखेका छौं । उहाँहरूले विगतमा जुन योगदान गर्नुभएको छ, त्यसको बाँकी रहेको कार्य पूरा गर्न उहाँहरूले थप योगदान गर्नुपर्ने अवस्था आउन थालेको छ । । आमूल परिवर्तनको विचार लिएर हिंडेको पार्टीलाई उहाँहरूले सहयोग गर्नु हुने छ । उहाँहरूले हामीरुलाई सरसल्लाह पनि दिनु पर्छ । निश्चिततै रूपमा शहीद परिवार, घाइते तथा आपांग, योद्धाहरू तथा आम परिवर्तकारी जनतताहरूले हामीहरूलाई साथ दिनुहुने छ ।

***यो सम्मेलनले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको बारेमा कस्तो नीति लिने छ ?***

केपी शर्मा ओली प्रधानमन्त्री हुँदाका बखत नै ९४-बुँदा बनाएर ज्ञापन पत्र दिएका थियौं, ती बारेमा कुनै पनि सुनुवाइ भएका छैनन् । ती सबै राष्ट्रियता जनतन्त्र जनजीविकासँग सम्बन्धित छन् । ती मागहरू पूरा गराउन हामीले आन्दोलन अघि बढाउँछौं । त्यसको कार्यान्वयनका लागि संघर्षका कार्यक्रमहरू पनि अघि बढाउँछौं ।

हामीले कामगरेको दुई वर्षको अन्तरालमा साथीहरूले केही अनुभव पनि हासिल गसिक्नु भएको छ । यसका लागि एउटा टिम तयार पनि भइसकेको छ । यसलाई हामीले अघि बढाएर हामीले विसाल टिमहरू निर्माण गर्ने छौं ।



**लोकतान्त्रिक गणतन्त्र राजतन्त्र भन्दा एक कदम अघिको कुरा त हो, तर यो जनगणतन्त्रभन्दा पश्चगामी र प्रतिगामी नै हो । यसको मतलव हो, वर्तमान लोकतान्त्रिक गणतन्त्रको विकल्प छ, यो भन्दा अगाडि जान सकिन्छ, जाने ठाउँ पनि छ । त्यो हो, संघीय जनगणतन्त्र । त्यसैले लोकतान्त्रिक गणतन्त्र भन्दा अघिको कुरा भनेको संघीय लोकतान्त्रिक जनगणतन्त्र हो ।**

●

**क्रान्तिकारी शक्तिका रूपमा नेकपा क्रान्तिकारी माओवादी स्थापित भएको छ । मेची महाकाली जनजागरण अभियानका रूपमा जनताका बीचमा जाँदा देशभक्त जनगणतान्त्रिक मोर्चा स्थापित भएको छ**

●

**जनतालाई गोलबन्द गरेर जनताकै शक्तिबाट यी कामहरू गर्ने सोचमा छ । यसका लागि माध्यम जनआनदोलन र जनविद्रोह हुन सक्छ । त्यसैले यो परिवर्तन ल्याउँछ । संघर्षका थुप्रै रूपहरू हुन्छन्**

●

**आमूल परिवर्तनको विचार लिएर हिंडेको पार्टीप्रति शहीद परिवार, घाइते तथा आपांग, योद्धाहरूको सदा साथ रहेको छ । उहाँहरूले हामीरुलाई सरसल्लाह पनि दिनु पर्छ ।**

# आँधीपीडितका हातमा पुगेन राहत, राहत बितरकका हातहातमा सेल्फी

काठमाडौं । रातले आफ्नो साम्राज्य विस्तार गर्दै लैजाँदा आइतबार रातमा आँधीले निम्त्याएको त्यो समवेदित क्षण अझैं पनि भग्नावशेष घरहरूबाट हट्न सकेको छैन । पीडितहरूका हातमा राहत नपुग्दै राहत वितरकहरूका हातमा सेल्फी नाचेका छन् । आँधी पीडितका नाममा नत राहत संकलनको न त राहत वितरणको कुनै मापदण्ड छ ।

हेर्दा भावनात्मक पनि छ र लाजलाग्दो पनि छ । राहत बितरकका दशौं हातहरू एउटा चाउचाउको पोकामा परेका छन् भने हातथाप्ने पीडितका हातमा एउटै चाउचाउको पोका खसेको छ । वितरकहरूका लागि यो सबै सेल्फी लिने र प्रचार आत्मरतिले निकै काम गरेको छ ।

पछिल्लो चरणमा भित्री ग्रामीण इलाकाहरूमा रहेका आँधी पीडितहरूका लागि न कुनै मानिस वा दाताले राहत पुर्‍याएको छ, न कोही त्यहाँ भेट्न नै पुगेको छ । त्यहाँको संसार एकपाकेट चाउचाउको भन्दा निकै टाढा छ । सजिला र बाहनहरूको आवतजावत हुनसक्ने ठाउँहरूमा केही राहत वितरकहरूको आउजाउ देखिने गरेको छ । यो पनि प्रचारका लागि मात्र ।

अहिलेसम्म प्रदेशले र संघीय तथा स्थानीय सरकारहरूले न त पीडितहरूको तथ्यांक संकलन गरका छन्, न त भत्किएका संरचना र जनधनको क्षतिको विवरण नै ? यो आश्चर्यको विषय बनेको छ । राजनीतिक दलका नेताहरू जनताका भग्नावशेष घरहरूमा जाने र एक पार्टीले अर्को पार्टीको विरोध गरेर आत्मतुष्टि पोख्ने मात्र गरेका छन् । हामी सरकारमा भएका भए गर्ने थियौं, तर सरकारका छैनौ भन्ने उधारो आश्वासन बाँड्दै हिंडेका छन् । सरकारी दलहरू अब छिट्टै गछौं भनेर ढाँट्दै हिंडेका छन् ।

आकाश कालोमैलो नै छ । मौसम गडबडीपूर्ण छ । जनताका बस्ने बासहरू छैनन् । सिरेटोले सजिलै च्यात्ने मक्किएका त्रिपालहरूको काम छैन । घरहरू त बचेनन् भने यो त्रिपालले ती मानिसहरूको हर जोगाउने र जहान जोगानेमा उनीहरूको रत्तिभर विश्वास छैन । हुन पनि हो नै । नयाँ वर्षको आगमनसँगै मनसुनी वायुको पनि नेपाल भित्रने तयारी हुन्छ । यसले घनघोर वर्षा गराउने छ । जनजीवन चौपट पार्ने छ । र, अर्को कुरा, एकवर्षका लागि खाने खेती पनि यसै समयमा गर्नुपर्ने छ ।

जनताको यो चिन्ताले सरकारलाई टेउँटुप्पो पनि छोएको देखिंदैन ।

## नयाँ शैक्षिक भर्ना : फेरि लिनन् अभिभावकत्व देशका ठूला मानिसहरूले ?

काठमाडौं । यो वर्षको शैक्षिक सत्र सकियो । खब नयाँ वर्षको शैक्षिक सत्र सुरु हुँदै छ । यसैसँग फेरि पनि जनताका मानसपटलमा सुरु भएको छ- के यस वर्ष पनि बालबालिकाहरूका लागि भर्ना अभियान चलाउलान् त देशका ठूलाबडाहरूले ? यो प्रश्न आम जनताको चासोको विषय पनि बनिरहेको छ । किनकि जाँदै गरेको शैक्षिक वर्षमा नयाँ भर्ना भाइरल नै बनिरहेको थियो ।

राज्यका ठूलाबडाहरूले गर्ने यो काम आफैमा प्रचारात्मक त हुँदै हो, त्यसमा पनि केही सहयोग र प्रेरणा पनि हो । रिपोर्टमा आएअनुसार अभिभावकत्व लिएमा धेरै अभिभावकहरूले एक वर्षसम्म आफूहरूले अभिभाकत्व लिएका नानीहरूको थोरै भए पनि हेरचाह गरेका थिए । यसले सानै भए पनि दायित्व निर्वाह गरेको अनुभूत गराएको छ ।

अभिभावकत्व लिने राज्यका हर्ताकर्ताहरूले पनि यो विचार गरेको हुनु पर्छ कि अब नेपाली जनताको जीवनस्तर माथि उठाएर मात्र साच्चिकै शैक्षिक उन्नयन ल्याउन सकिन्छ । यसका लागि एक छाक माछा लिएर खुवाउने हैन कि माछा मारेर खाने तरिका सिकाउनु पर्छ । त्यो भनेको जनतालाई आत्मनिर्भर हुने स्वरोजगार मूलक उद्योगहरूको स्थापनामा जोड र आत्मनिर्भर अर्थतन्त्रको विकास नै हो ।

तथापि तत्कालका लागि नेताहरूले शैक्षिक भर्नाका लागि के गर्छन् भन्नेमा जनताको चासो बढिरहेको छ ।

## बन्दुक...

कारण आन्दोलनहरू असफल हुन पुगेको चर्चा गर्दै विगतका सकार र नकार पक्षबाट पाठ सिक्दै आफूहरू अगाडि बढ्न खोजेको स्पष्ट पारे ।

मोर्चाको सम्मेलनलाई शुभकामना दिंदै कमरेड किरणले भने, "सहि विधान, प्रतिवेदन र सक्षम नेतृत्व निर्माण गर्न, राष्ट्रियता, जनतन्त्र र जनतन्त्रका लागि सशक्त रूपमा आवाज उठाउन र क्रान्ति गर्नका लागि उत्पीडित वर्ग र उत्पीडित जनसमुदायको एकता कायम गरी आन्दोलनको नयाँ मोर्चा खोल्न सान्दार रूपमा अगाडि बढोस् क्रान्तिकारीर्वहारा वर्गको नेतृत्वमा सबै वर्ग र उत्पीडित जनसमुदायलाई गोलबन्द गर्दै आन्दोलनको नयाँ मोर्चा बनाउने र सत्ताको लागि सशक्त संघर्षको उठान गर्ने विषयमा मोर्चाको यो सम्मेलन सान्दार रूपमा सफल रहोस् ।" महासचिव किरणको भनाइ थियो- "अब सत्ता विना अरु कुरा गरेर काम छैन ।"

वर्तमान सरकार कम्युनिस्ट नभएर कम्युनिस्टको बदनाम गर्ने सरकार भएको र यसले दलाल, नोकरशाह, सामन्तवर्गको प्रतिनिधित्व गरेको र साम्राज्यवादी तथा विस्तारवादीहरूको हित संरक्षण गर्ने काम गरेको बताउँदै महासचिव किरणले भने, "मानवीय र प्राकृतिक स्रोत साधन विदेशीलाई बेचेर समृद्ध नेपाल र सुखी नेपालीको नारा फलाक्नु जनतालाई बेवकुफ बनाउनु मात्र हो, त्यो सम्भव हुने कुरै होइन । यस्तो कुरा गर्नेहरू लफ्फाजी हुन् । देशलाई समृद्ध पार्न त स्वदेशी मानवीय तथा प्राकृतिक साधन स्रोतलाई पहिलो प्राथमिकतामा राखेर सदुपयोग गर्नु पर्दछ । त्यो हुन यो सरकारबाट सम्भव नै छैन ।"

"राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान गर्न यो सरकार र व्यवस्थाबाट सम्भव छैन, त्यसका लागि वैकल्पिक शक्ति चाहिन्छ । त्यो वैकल्पिक शक्ति भनेका हामी हौं । हामी भनेको क्रान्तिकारी माओवादी हो, देजमो हो, अन्य क्रान्तिकारी शक्तिहरू हुन्, देशभक्त तथा राष्ट्रवादी शक्ति हुन् ।"

"वर्गीय र जातीयका विषयमा सबै कम्युनिस्ट क्रान्तिकारीहरू स्पष्ट हुन जरुरी छ । सच्चा कम्युनिस्टहरू वर्गको भूमिकाका साथै सबै जात जातिहरूलाई मिलाएर लैजानु पर्दछ भन्नेमा स्पष्ट हुन जरुरी छ । उत्पीडित वर्ग र उत्पीडित जनसमुदायलाई एक ढिक्का बनाएर नै अबको लडाइँ जित्न सकिन्छ । दशवर्षको जनयुद्धको तागत पनि यही हो, थियो ।"

पार्टी एकताका लागि सबै कम्युनिस्ट क्रान्तिकारी शक्तिसँग निकै मिहनेत गरिरहेको खुलासा गर्दै महासचिव किरणले एकताका लागि खुल्ला भएर छलफल बहस हुन जरुरी रहेको बताए । उनले भने, "पार्टी एकताका लागि धेरै मिहिनेत गरिएको छ । आफ्नो बाहेक अरुको कुरा सुन्नै नचाहने प्रवृत्ति छ साथीहरूमा । साँचो अर्थमा क्रान्तिकारीहरूलाई एकताबद्ध बनाउनै पर्दछ । इतिहासबाट पनि शिक्षा लिनु पर्दछ । सत्प्रशित ठिक ठाक पारेर मात्र एकता हुँदैन, मिल्ने कुराहरू मिलाउँदै जाने र नमिलेका कुराहरूलाई पार्टीभित्र फोरम चलाएर हल गर्दै जानु पर्दछ । एकतामा आउनुहोस्- विप्लवजी, किरातीजी, आहुतीजी सबै आउनुस् । मोहन विक्रमजी पनि त्यहाँ अर्कै खिचडी पकाएर नबस्नुस्, आउनुस एकता गरौं । एकताका लागि सबैले सबैतिरबाट पहल गरौं । यस विषयमा हामी गम्भीर छौं ।" उनले भने, "अवसरवादीहरू एकताबद्ध भइसकेका छन्, अब क्रान्तिकारीहरू पनि एकताबद्ध हुनु पर्दछ । क्रान्तिका गफ गरेर मात्रै बस्ने कम्युनिस्ट भयो भने काम लाग्दैन ।"

उद्घाटन समारोहको सभापतित्व आसन ग्रहण गर्दै मोर्चाका अध्यक्ष सीपी गजुरेलले अब संघीय जनगणतन्त्रको लडाइँ सुरु भएको बताएका छन् । अध्यक्ष गजुरेलले चैत्र २४ गते ऐतिहासिक दिन भएको हुँदा विगतका आन्दोलनहरू यही दिनमा उत्कर्षमा पुगेर पञ्चायती व्यवस्थाको पतन भएको भन्दै यस ऐतिहासिक दिनमा 'जनगणतन्त्रका लागि लडाइँको उद्घोष गर्दछौं भने । विचार राजनीतिले मात्र परिवर्तन सम्भव छैन, त्यसका लागि बल प्रयोगको सिद्धान्त अँगाल्नै पर्नेतर्फ जोड दिंदै अध्यक्ष गजुरेलले ओली सरकारको मात्र होइन यो पुरानो दलाल संसदीय व्यवस्थाको विकल्प खोज्ने बेला आएकोले संघर्षका लागि तयार रहन जनसमुदायलाई अपील समेत गरे ।

सम्मेलनलाई शुभकामना दिंदै नेकपा (माले)का महासचिव सिपी मैनालीले नयाँ जनवादी क्रान्ति अझै पूरा नभएको भन्दै त्यसका लागि नेपालको भूराजनीतिक स्थितिलाई विश्लेषण गर्दै सही नीति तर्जुमा गर्नुपर्नेमा जोड दिए ।

त्यसैगरी नेकपा (माके) का अध्यक्ष गोपाल किरातीले मोर्चाले उद्घोष गरेको आन्दोलनका कार्यक्रमप्रति आफ्नो पार्टीको पूर्ण ऐक्यबद्धता रहने भन्दै क्रान्तिकारीहरूको एकतामा जोड दिए ।

वैज्ञानिक समाजवादी पार्टीका संयोजक विश्वभक्त दुलाल आहुतीले अबको कम्युनिस्ट आन्दोलनलाई कसरी अगाडि बढाउने विषयमा गम्भीर बहसको आवश्यकता रहेको कुरामा जोड दिंदै त्यस्तो बहसका लागि कमरेड किरणले नेतृत्व गर्नुपर्ने कुरामा जोड दिए ।

नेकपा मसालका प्रवक्ता रामप्रकाश पुरीले जनगणतन्त्र कार्यनीतिक विषय बनाउने स्थिति भइसके वा नसकेको विषयमा पर्याप्त छलफल गर्नुपर्ने कुरामा जोड दिए ।

नेकपाका सचिवालय सदस्य रत्न जोशीले वर्तमान सत्ता र व्यवस्थाका विरुद्ध कम्युनिस्ट क्रान्तिकारीहरू एकताबद्ध भएर संघर्ष गर्नुको विकल्प नरहेको कुरामा जोड दिए ।

**मशाल बालेर गरियो राष्ट्रिय सम्मेलनको उद्घाटन**



विशाल जनसभाका बीच मशाल बालेर देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको प्रथम ऐतिहासिक राष्ट्रिय सम्मेलनको उद्घाटन गरियो । नेपाल कम्युनिस्ट पार्टीका महासचिव मोहन वैद्य'किरण'ले मशाल बालेर मोर्चाको सम्मेलनको उद्घाटन गरेका हुन् । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका महासचिव किरणले मशाल बालेर सम्मेलनको उद्घाटन गर्दै गर्दा जनसमुदायले गडगडाहट ताली बजाएर स्वागत गरेका थिए ।

मोर्चाका सचिव परि थापाले सञ्चालन गरेको सम्मेलन उद्घाटन समारोहको अध्यक्षता मोर्चाका अध्यक्ष सीपी गजुरेलले गरेका छन् भने क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्यहरू रामसिंह श्रीस, पार्टी प्रवक्ता हरिभक्त कँडेल, क्रान्तिकारी माओवादीका सल्लाहकार समितिका अध्यक्ष डा. ओम गुरुङ, नेकपा (माले)का महासचिव सिपी मैनाली, नेकपा (माके)का अध्यक्ष गोपाल किराती, नेकपा (मसाल)का प्रवक्ता रामप्रकाश पुरी, नेकपाका नेता रत्नप्रसाद जोशी, वैज्ञानिक समाजवादी पार्टीका संयोजक विश्वभक्त दुलाल' आहुती'लगायत अतिथिको रूपमा उपस्थित रहेको थियो ।

**पानीको पर्वाह नगरी निस्किए ७ वटा आर्कबाट जुलुस**

घोषित ७ वटै आर्कबाट जुलुस निस्कने बेला मौसम बदली भई पानी परेको थियो । तर पानीको पर्वाह नगरी सबै आर्कबाट जुलुसहरू निस्किए । जनप्रदर्शन तथा जनसभा सुरु हुनुअघि काठमाडौं उपत्यका लगायत विभिन्न जिल्लाबाट आएको जनमासलाई केन्द्रित गरी माइतीघर मण्डला आर्कबाट निकालिएको जुलुसको नेतृत्व मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेल, कान्छाराम तामाङ लगायतका नेताहरूले गरेका थिए । यो जुलुस माइतीघर, थापाथली, त्रिपुरेश्वर, सुन्धरा, रत्नपार्क, पुरानो बसपार्क हुँदै भृकुटीमण्डपमा पुगेर सभामा परिणत भएको थियो । कालिमाटीबाट निकालिएको जुलुसको नेतृत्व मोर्चाका सचिव परि थापा लगायतका नेताहरूले गरेका थिए । यो जुलुस कालिमाटी, टेकु, त्रिपुरेश्वर, सुन्धरा, रत्नपार्क, पुरानो बसपार्क हुँदै भृकुटीमण्डपमा पुगेको थियो । त्यसैगरी कुपण्डोलबाट निकालिएको जुलुसको नेतृत्व मोर्चाका सचिवालय सदस्य तथा ३ नं. प्रदेशका अध्यक्ष पवनमान श्रेष्ठले गरेका थिए । यो जुलुस कुपण्डोल, थापाथली, त्रिपुरेश्वर, सुन्धरा, रत्नपार्क, पुरानो बसपार्क हुँदै भृकुटीमण्डपमा पुगेको थियो । त्यसैगरी सुन्धराबाट निस्कने जुलुसको नेतृत्व मोर्चाका सचिवालय सदस्य तथा ५ नं. प्रदेशका अध्यक्ष केवी गुरुङले गरेका थिए । यो जुलुसमा नेता चक्रपाणी शर्मालगायत सहभागी थिए ।

यता लैनचौरबाट निकालिएको जुलुसको नेतृत्व मोर्चाका सचिवालय सदस्य तथा ७ नं. प्रदेशका अध्यक्ष रामबहादुर केसीले गरेका थिए भने सोह्रखुट्टेबाट निकालिएको जुलुसको नेतृत्व मोर्चाका सचिवालय सदस्य तथा ४ नं. प्रदेशका अध्यक्ष केशबहादुर परियारले गरेका थिए । यो जुलुस ठमेल, लैनचौर, दरबारमार्ग, रत्नपार्क, पुरानो बसपार्क हुँदै भृकुटीमण्डपमा पुगेर सभामा सहभागी भएको थियो । मोर्चाका सचिवालय सदस्यहरू मनोज श्रेष्ठ र हरिकृष्ण गजुरेलको नेतृत्वमा गौशलाबाट निस्किएको जुलुस कालोपुल, ज्ञानेश्वर, कमलपोखरी, दरबारमार्ग, रत्नपार्क, पुरानो बानेश्वर हुँदै भृकुटीमण्डप पुगेको थियो ।

सम्मेलन तथा जनप्रदर्शनलाई भव्य बनाउन काठमाडौंका ठाउँ ठाउँमा वाल पेन्टिङ, पोस्टरिङ, व्यानरिङ भएको थियो । कतिपय ठाउँमा प्रहरी प्रशासनबाट भएका बाधा अवरोधहरूलाई पन्छाउँदै मोर्चाको सम्मेलन भव्य र सान्दार रूपमा सफल भएको छ । मोर्चाको बन्द सत्र सोमबार विहानबाट सुरु हुने जनाइएको छ । बन्द सत्र दुईदिनसम्म चल्ने बताइएको छ ।

**नव वर्ष २०७६ को**
उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**
**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।
वडाध्यक्ष– श्रीधर प्रसाद कुईंकेल
**पनौती नगरपालिका वडा नं. ५, काभ्रे**

**नव वर्ष २०७६ को**
उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**
**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।
वडाध्यक्ष– बुद्धिसिंह थापा
**पनौती नगरपालिका वडा नं. ४, काभ्रे**

**नव वर्ष २०७६ को**
उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**
**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**
जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।
वडाध्यक्ष– बालकृष्ण श्रेष्ठ
**काठमाडौं महानगरपालिका वडा नं. २४, काठमाडौं**

# भेनेजुएलामा रसियाली सेना भिन्न मोडमा दक्षिण अमेरिकी राजनीति



काठमाडौं । अमेरिकी सैन्य हस्तक्षेपको खतरा बढेपछि भेनेजुएलामा पुगेको रसियाली सेनाका कारण दक्षिण अमेरिकी राजनीतिले भिन्न मोड लिन पुगेको छ । घरेलु राजनीतिक संकटको भमरीमा परेको भेनेजुएलामाथि अमेरिकी तरवार खस्ने संभावना यथावत नै छ । तथापि रुसी सेना त्यहाँ गएपछि बीसको उन्नइस भएको भनिएको छ ।

विवाद समाधानका लागि रुसी सैनिक त्यहाँ पुगेपछि विषय सोचनीय बनेको छ । राजधानी सहर कराकास लगायत मुख्य सहरहरूमा सरकारी तथा गुआइदो पक्षधरहरू आमने सामने नै रहेको बताइएको छ । तर रुसी सेनाको प्रवेश सँगै अमेरिकी हाउँगुजी र दादागिरी बिलाएर गएको छ । मा रहेको अन्तर्राष्ट्रिय विमानस्थलमा रुसको इल्युशिन आईएल ६२ विमानमार्फत् केही पल्टन रुसी सैनिक त्यहाँ पुगेका छन् । सेनासँगै रुसले एन्टोनोभ एन १२४ कार्गो विमानमार्फत् ३५ टनको सैनिक उपकरण पनि भेनेजुएला पठाइसकेको छ । यो सैनिक डफ्फा सैनिक जनरल भासिलीको नेतृत्वमा पठाइएको बताइएको छ ।

अमेरिकाको उक्साहटमा चुलिंदो घरेलु संकटसँगै भेनेजुएलाले रुससँग सैन्य सम्बन्ध स्थापित गर्न हात अघि बढाएको थियो । यही सैन्य सम्झौताअनुसार रुसले सैनिक तथा सैनिक उपकरण तथा बन्दोबस्तीका सामनहरू कराकास पठाइएको रुसले जनाएको छ ।

सेना तथा बन्दोबस्तीका सामानहरू पठाउनु भन्दा तीन महिना पहिले रुस र भेनेजुएलाले संयुक्त सैन्य अभ्यास गरेका थिए । यो सैन्य अभ्यासको ३ महिनापछि रुसले भेनेजुएलामा सेना पठाएको हो । यसलाई पश्चिमा देशहरूले निकै चिन्ता र चासोका साथ हेरिरहेका छन् । अमेरिकी समर्थक भेजुएली नेता हुआँ गुआइदोलाई अमेरिकी समर्थक शासकहरूले अन्तरिम राष्ट्रपतिको मान्यता दिएपछि निर्वाचित राष्ट्रपति निकोलस मादुरोको नेतृत्वमा रहेका भेनेजुएली सरकार रुसतर्फ नजिकिँदै गएको थियो ।

अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुएली मादुरोको सरकारलाई सत्ताच्युत गर्नका लागि सैनिक कारवाहीको विकल्प नभएको खुलासा गर्दै गर्दारुसी सेना त्यहाँ पुगेका छन् । अमेरिका लगायत अन्य उसका समर्थक देशहरूले भेनेजुएलामाथि नाकाबन्दी लगाइरहेका बेला रुसले उसलाई पूर्णरूपमा सहयोग गर्दै आइरहेको छ । अब त रुसले भेनेजुएलालाई खुल्ला आर्थिक तथा सैनिक सहयोग गर्नेगरी सहयोगी हातहरू अघि बढाइसकेको छ ।

यस विषयलाई लिएर अमेरिका अब एकपटक कर्नरमा पर्न गएको छ । अमेरिका तथा युरोपेली केही शक्तिशाली देशहरू एशियामा युद्ध थोपर्न चाहन्छन् । यी देशहरूले एशियामा युद्ध थोपरेर आफ्नो देशको साम्राज्यवादी युद्ध अर्थतन्त्र सुदृढ बनाउन चाहन्छन् । यस्तो अवस्थामा एशियामा जबर्जस्त थोपरिन लागेको युद्ध रोक्न भेनेजुएलामा गरिएको रसियाली कदम केही रक्षात्मक र सकारात्मक पनि रहेको छ ।

यसले अमेरिकी दबदबामाथि चुनौती पनि खडा गरिदिएको छ । आर्थिक रूपमा संरक्षणको नीति लिन पुगेको अमेरिका सैन्य रूपमा अब कसरी अघि बढ्ने छ, यसपछि खुल्दै जाने रणनीतिक विश्लेषकहरूको जिज्ञासा रहेको छ । विश्लेषकहरू भन्न थालेका छन्- काम लाग्ने भनेको टाढाको सानभन्दा नजिकको उधिन नै हो, दक्षिण अमेरिकामा रसियाको उपस्थितिले संयुक्त राज्य अमेरिकालाई आरामसँग निद्रा पर्न दिने छैन ।

यसलाई रुसको एक महसुर रणनीतिक कदम भनेर व्याख्या पनि गरिन थालिएको छ । केही समयअघि सिरियाली युद्धमा रुस र अमेरिका आमनेसामने भएर लडेका थिए । राष्ट्रपति बसर अल असदविरुद्ध अमेरिकी समर्थित सशस्त्र विपक्षीले सत्ता नै परिवर्तन गर्न लागेका बेला रुसले आफ्ना सैनिक सिरियामा तैनाथ गरी असदको पक्षमा उभिएको थियो । रुसले विपक्षीविरुद्ध सैन्य कारबाही थालेपछि अममेरिकी समर्थित विपक्षीहरू हार खाएर भागेका थिए ।

# रुस–उत्तर कोरिया प्रतिनिधिमण्डल भेट

काठमाडौं । अमेरिकाद्वारा उत्तरकोरियामा थप नाकाबन्दीको घोषणा गरिरहेका बेला रुसी प्रतिनिधिमण्डल त्यहाँ पुगेको छ । कोरियाली केन्द्रीय समाचार समिति (केसिएनए) का अनुसार रुसी गृहमन्त्री भ्लादिमिर कोलोकोल्सेभको नेतृत्वमा रुसको उच्च पदाधिकारीको एक टोली सोमबार प्योङ्याङ भ्रमणमा पुगेको हो । यो उत्तर कोरियाका लागि ठूलो अवसरको कुरा हो भएको जनाइएको छ ।

यो सद्भाव भ्रमणपछि उत्तर कोरियाली नेता किम जोङ उनले अप्रिलको महिनाभित्र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको निमन्त्रणमा रुसको भ्रमण गर्ने सम्भावना रहेको छ । यसैको तयारी र सद्भावका लागि रुसी टोलीको भ्रमण भएको बताइएको छ । उत्तर कोरियामा रुसी गृहमन्त्रीको आगमन आफैमा कम महत्वको ककुरा नभएको राजनीतिक विश्लेषकहरूको भनाइ छ । रुसी गृहमन्त्रीको यो भ्रमणअघि उत्तर कोरियाली कार्यवाहक सेनाप्रमुख किम चाङ-सोनले मस्को र भ्लाडिभोस्टकको भ्रमण गरेका थिए।

उत्तर कोरियाली नेता किमले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग शिखर बैठक गर्नुअघि चार पटक चीनको भ्रमण गरिसकेका छन् । तर किमले सन् २०११ मा सत्ता सम्हालेयता रुसको भ्रमण गरेका छैनन् ।

हाल, उत्तर कोरियाले रुससँगको सम्बन्ध सुदृढ तुल्याउन कुटनीतिक पहललाई तीव्र बनाएको छ । खासगरी अमेरिकी राष्ट्रपतिसँगको हनोई वार्तामा सोचेजति प्रगति नभएपछि उत्तर कोरियाले कुटनीतिक पहललाई तीव्र बनाउन लागेको हो ।

# मेक्सिको पर्खाल उठाउनबाट ट्रम्प पछि हटे



अमेरिकी राष्टपति ट्रम्प मेक्सिको पर्खाल नउठाउन सहमत भएका छन् । उनको चुनावी मुद्दाको रूपमा रहेको यो पर्खालको विवाद अब नउठाउने भनेर टुंगो लागेको देखिनछ । स्थानीय समयअनुसार मङ्गलबार उनले त्यस क्षेत्रबाट आफ्नो घर फर्किन चाहनेहरूका लागि सजिलो बनाउन बन्द नगर्ने निर्णय गरेको बताएका थिए । यसपछि पनि ट्रम्पले आफूले उक्त समस्या स्थगन मात्र गरेको, समय आउँदा उठाउने बताएका छन् ।

उनले मुख फोरेरै भनेका छन्- "हुन त मैले वास्तवमै यस्लाई बन्द गर्न चाहन्थे, तर मेक्सिकोले नगर्नु भनेकाले मैले केही समयका लागि यसलाई स्थगित गरेको हुँ," ट्रम्पलाई उद्धृत गर्दै स्रोतले बताएको छ ।

हजारौँ मानिस दक्षिणी सिमानाबाट आफ्नो घर फर्किने विश्वास लिइएको पनि उनले बताएको समाचारमा जनाइएको छ ।

व्यापार, सुरक्षा लगायतका कारण देखाउदै राष्ट्रपति ट्रम्पले लामो समयदेखि अमेरिका र मेक्सिको बीचको सिमाना बन्द गर्नुपर्ने अडान राख्दै आइरहेका छन् ।

# भारतीय चुनावमा भाजपा र कांग्रेस आईको टकराव

काठमाडौं । भारतीय चुनावले विश्वको ध्यान आकार्शित गरेको छ । भारतको सत्तामा आसिन दल भाजपा र कांग्रेस आईका बीचमा निकै टकराव हुने देखिएको छ । पलका नेता तथा नेतृहरू आफ्नो सुदृढ इलाकाबाट चुनाव लड्ने गरी लागि परेका छन् ।

भारतको विपक्षी दल काँग्रेस पार्टीका अध्यक्ष राहुल गान्धीले आसन्न आम निर्वाचनका लागि दक्षिण भारतको वायानाडबाट औपचारिक रूपमा उम्मेद्वारी दर्ता गराएका छन् । वायानाडमै पुगेर गान्धीले उम्मेद्वारी दर्ता गराएको काँग्रेस पार्टीका महासचिव के.सी. भेणुगोपालले जनाएका छन् ।

यसअघि काँग्रेस पार्टीले सार्वजनिक गरेको उम्मेद्वारको सूचीमा अध्यक्ष गान्धीले उत्तर प्रदेशको अमेठी निर्वाचन क्षेत्रबाट मात्र उम्मेद्वारी दिने उल्लेख थियो । अमेठीबाट उनले सन् २००४ यता हरेक चुनावमा विजयी हुँदै आएका छन् । अमेठीमा यसपटकको निर्वाचनमा उनको प्रतिस्पर्धा वर्तमान कपडामन्त्री स्मृति इरानीसँग हुँदै छ । यसअघि सन् २०१४ मा भएको निर्वाचनमा गान्धीले इरानीलाई एक लाख भन्दा धेरै मतले पराजित गरेका थिए । तर, आफ्नो नेता कार्यकर्ता र समर्थकको आग्रह र मागबमोजिम गान्धीले दक्षिण भारतबाट पनि उम्मेद्वारी दिएको काँग्रेस पार्टीले जनाएको छ ।

भारतको सत्तारुढ भारतीय जनता पार्टी भाजपाले भने काँग्रेस अध्यक्ष गान्धी एक ठाउँबाट चुनावमा विजयी हुनेमा ढुक्क हुन नसकेको र अमेठीबाट डराएर दक्षिण भारतमा चुनाव लड्न जान लागेको आरोप लगाएको छ ।

भारतमा आगामी अप्रिल ११ बाट विभिन्न ७ चरणमा मे १९ सम्म आम निर्वाचन हुँदैछ ।

# अल्जेरियामा व्यापक परिवर्तनको माग

अल्जेरियाका राष्ट्रपति बोतेफ्लिको राजिनामा आए पछि त्यहँ खुशी छाएको छ । राजीनामा अरु केही कारणले नभई त्यहाँका राष्ट्रपति बोतेफ्लिको बूढ्यौलीका कारणले दा नै हो । यो बूढ्यौलीमा भएको सत्ता त्यागले अल्जेरियाली नागरिककले उत्सव मनाएका छन् । उनीहरूले अब त्यहाँ व्यापक मात्रामा परिवर्तन हुनुपर्ने माग गरेका बताइएको छ ।

यो देश उत्तर अफ्रिकी महादेशमा पर्दछ । केही हप्तादेखि त्यहाँ काम नै गर्न नसक्ने बूढा राष्ट्रपतिको राजिनामा माग गर्दै जनता सडकमा ओर्लिएका थिए । सडकहरूमा भीषण रूपमा प्रदर्शनहरू भएका थिए । त्यसपछि राष्ट्रपतिले आफ्नो पदबाट तत्काल लागू हुनेगरी मंगलवार राजीनामा दिई जनताको आक्रोश शान्त पारेका थिए ।

बुढ्यौलीका कारण अशक्त अवस्थामा पुगेक राष्ट्रपतिको राजीनामा घोषणालगत्तै सडकमा मानिसहरू भेला भएर खुशीयाली मनाएका थिए । अल्जेरियाको राजधानी अल्जियर्सका मुख्य चोक र सडकमा मानिसहरू देशको झण्डासहित ठूलो संख्यामा भेला भएका थिए ।

राष्ट्रपति दैनिक कामकाजका लागि असक्त हुँदा पनि सत्तामा बसिरहँदा यो समस्या निम्तिएको थियो ।

# किन रोकिएको छ मलेसियाली रोजगार ?



काठमाडौं । नेपालको सबैभन्दा चलेको रोजगादाता देशहरूमध्ये मलेसिया एक हो । यो निकै पुरानो पनि हो र सहज गन्तव्य पनि । तर पछिल्लो चरणमा आएर नेपाल तथा मलेसियाली सरकारले श्रम संझौतामा हस्ताक्षर गरे पनि श्रम रोजगारका लागि मलेसियाले नेपालको बाटो अहिलेसम्म खुल्ला गरेको छैन ।

पछिल्लो चरणमा दुई देशका बीचमा श्रमिकहरू लैजाने र स्वदेश पठाउने क्रममा केही गडबडी भएपछि रोकिएको र पटपटक मलेसियाले चोवनी पनि दिदै आए पछि यसलाई नवीकरण गरिएको थियो । पहिले म्यान पनवर कम्पनीहरूमार्फत् श्रममा जाने जनशक्ति संझौतापछि सरकारले नै पठाउने कुरा भएको थियो । तर त्यो संझौताले एक वर्ष छुन लागदा पनि कार्यान्वयन भने भएको छैन ।

लगातार नौ महिनासम्म बन्द गरेपछि नेपाल सरकारले सहमति गरी खुलाएको मलेसियाली रोजगारीमा अर्को समस्या आइपरेको छ । त्यो हो मलेसियाका लागि कलिङ भिसा लिएर बसेका नेपाली कामदारका लागि नेपाल सरकारले खुला गरे पनि मलेसियाले भने रोक लगाएको छ । मलेसिया जानका लागि हातमा को कलिङ भिसा लिएर बसेका नेपालीको संख्या करिब १० हजार रहेको छ । लामो छलफल र सञ्चार आदान प्रदानपछि नेपाल सरकारले कलिङ भिसा लागेका नेपालीलाई रोजगारीका लागि मलेसिया जान पाउने व्यवस्था गरे पनि मलसिया यसमा तयार रहेको देखिदैन ।

जान चाहने युवाहरू हरेक दिन सोधपूछका लागि मलेसियाली दुतावासमा पुग्छन् । तर, मलेसियाको अध्यागमन विभागले नेपालीलाई रोकेको जनाउ दिने बाहेक अरु थप स्पष्टिकरण दिइरहेको छैन । मलेसियाली अध्यागमन कानुनका अनुसार कलिङ भिसा लागेका नेपाली मलेसिया जान नपाउने मात्र भनिएको छ ।

कलिङ भिसाको म्याद केवल ४ महिना मात्र हुन्छ । त्यसपछि फर्कनु पर्छ । यदि त्यहाँ बस्न चाहे पनि अर्को थथप चार महिनाको मात्र म्याद थप्न पनइनछ । मलेसियाको अध्यागमन कानुनअनुसार कलिङ भिसाको म्याद ४ महिना हुन्छ । म्याद सकिएपछि पुनः एकपटक नवीकरण गर्न पाइन्छ । नवीकरण गरिएको भिसाको म्याद पनि ४ महिना नै हुन्छ । जमाजम्मी हुने आठ महिनापछि नेपालीहरू त्यही लुकेर बस्ने र सरकारलाई थप संकटमा पार्ने मलेसियाली अधिकारीहरूकाो भनाइ छ ।

नेपाल सरकारले विगतमा नौमहिनासम्म रोक्दा मलेसिया जानेहरूको भिसा नवीकरणको म्याद सकिएको छ । म्याद सकिएपछि नेपाली कामदारलाई रोजगारीमा भित्र्याउन मलेसियाले आनाकानी गरिरहेको छ । अर्कोतर्फ, अन्य देशहरूबाट नेपालका भन्दा दक्ष रोजगार श्रमिकहरू मलेसियाले भित्र्याइरहेको छ । यसका कारण पनि मलेसिया चूप लागेर बसिरहहेको छ ।

यो काम सबै सरकारले बिगारेको र आफूहरूरहँदासम्म मलेसियाली रोजगारी निरन्तर चलिरहेको मयान पावर कम्पनीहरूले बताइरहेका छन् । कतिपय म्यान पनवर कम्पनकाअनुसार श्रममन्त्री गोकर्ण विष्टले आफ्ना मानिसहरूलाई मलेसियाली म्यानपावरको जिम्मा दिने भनिएकाले यो प्रक्रिया अबरुद्ध हुन गएको बताइएको छ ।

**नव वर्ष २०७६ को**

उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ईन्द्र बहादुर भण्डारी

अध्यक्ष तथा

**स्युऊकेदार गाउँपालिका परिवार**

बझाङ्ग

**नव वर्ष २०७६ को**

उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

बर्ष बहादुर रोकाया

अध्यक्ष तथा

**खप्तड गाउँपालिका परिवार**

बझाङ्ग

**नव वर्ष २०७६ को**

उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्री प्रयाग राज जोशी

अध्यक्ष तथा

**दुर्गाथली गाउँपालिका परिवार**

बझाङ्ग

**नव वर्ष २०७६ को**

उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**माननीय**

**श्री भैरबबहादुर सिंह**

**प्रतिनिधिसभा सदस्य**

बझाङ्ग

## नेपालमा...

अर्थतन्त्र भारतको बीचमा रहेकाले भूराजनीतिक महत्वको देश बन्न पुगेको हो । अमेरिका नेपालमा आएको पनि चीन र भारतलाई तह लगाउनका लागि नै हो । यसमा हाम्रो चासो र सरोकारको विषय भनेको राष्ट्रिय स्वाधीनताको हो । पराइको शासन होइन । तर अमेरिका, चीन र भारतसँगको सामदुरी र सन्तुलनको विदेश नीति अपनाएर नेपालको भूराजनीतिक अवस्थितिमा रहेको राष्ट्रियता, राष्ट्रिय अखण्डता र स्वाभिमानको रक्षा गर्ने असंलग्न परराष्ट्र नीति ओली-दाहालहरूले अमेरिकी संलग्नतामा मिसाएर स्वाहा पारिदिएका छन् ।

दक्षिणी छिमेकी देश भारत अहिले सत्ता समीकरण र सन्तुलनको संक्रमणमा छ । मोदीको पार्टी भाजपा आउँदो आम निर्वाचनमा विफल हुँदै छ । भारतीय कांग्रेस आई र अरु पार्टीको गठबन्धन अगाडी आउँदै छ । यही संक्रमणका बेला भारतको पुलावामा भन्ने ठाउँमा भारतीय सेनाको ठूलो हताहती हुने गरी आत्मघाती विष्फोट भयो । भारत-पाकिस्तान युद्धको नजिक पुगे । एकअर्का विरुद्ध सांकेतिक तर उच्च प्रकारका कारबाहीहरू पनि गरे, लडे पनि । तर युद्ध स्थगित गरे, केही समयका लागि शान्ति र मेलमिलापका हातहरू अघि बढाए । किन ? किनभने दक्षिण एशियामा यही संक्रमणको बेला पारेर अमेरिका पस्यो र नेपालमाथि आफ्नो प्रभुत्व जमायो । जंगलमा सिंह पसिसकेपछि चितुवाहरूको अस्तित्व धरापमा पर्यो । त्यसैले क्षणिक समयका लागि भए पनि भारत पाकिस्तान लडाइँ नगरी मिले । यो दक्षिण एशियामा अमेरिकी साम्राज्यवादको जबर्जस्त उपस्थितिको परिणाम हो ।

उता चीनलाई अमेरिकाले व्यापार युद्धमा अल्झाएर नेपालमा चिनियाँ पकड र सम्बन्ध कमजोर बनाउँदै लग्यो । चीनले नेपाल सम्बन्ध भूराजनीतिक भन्दा पनि बढी व्यापारिक दृष्टिले हेर्‍यो । सानो बजार, थोरै जनसंख्या, उत्पादन केही नहुने आदि कारणले लगानी पनि मनलाग्दो गरेन । चासो पनि थोरै मात्र दियो । यही मौका छोपेर अमेरिका सुदृढ भइदियो, उसकै भाषामा चीनलाई 'नेपालका गरीबहरू लुट्न चिनियाँहरूलाई छूट नभएको' हुंकारसम्म गर्‍यो । चीनले जवाफ त दियो, तर निकै नरम भाषामा । नेपालमा अमेरिका सिधा पस्न र ओली सरकारलाई कज्याउन यसरी वातावरण निर्माण भयो । नेपालको आफ्नो भूराजनीतिक अवस्थिति, यसका घरेलु अन्तरविरोधहरू तथा छिमेकी देशहरूका अन्तरविरोधहरू तथा कमजोरीहरूलाई एउटै गाँठोमुठो बनाएर अमेरिकाले यसलाई साम्राज्यवादी अन्तरविरोधमा यसरी परिणत गरिदियो । यसले गर्दा नेपालको आन्तरिक राजनीतिक गतिविधि र पहल तथा पहुँच नेपाली रानीतिक पार्टीहरूको पहुँच भन्दा धेरैमाथि साम्राज्यवादी पहुँच र खेल बन्न पुग्यो । ओली सरकार कामदार वा चौकीदारको हैसियतमा रह्यो ।

अमेरिकाले चीनलाई घेरा हाल्ने क्रममा साउथ चाइन सी, नेपाल-अफगानिस्तान 'एक्सिस' र कोरिया प्रायद्वीपलाई प्राथमिक लिष्टमा छनौट गरेको देखिन्छ । यसैकारण उत्तर कोरियासँग निरन्तर वार्ता, अफ्गानिस्तानमा तालिवानसँग सम्झौता, नेपालमा देशको राजनीतिक मूलधारलाई अमेरिकीकरण, साउथ चाइना सी मा रहेका देशहरूमा अमेरिकी लगानी आदिलाई बढावा दिइरहेको छ ।

नेपालमा अमेरिका सिधै आयो, यो कुरा साँचो हो । ऊ जटिल रणनीति लिएर आएको छ । ओली-दाहालको नेतृत्वमा रहेको देशको राजनीतिक मूलधारको अमेरिकीकरण, असंलगन परराष्ट्र नीतिको विघटन, विप्लव नेकपामाथि प्रतिबन्ध र युद्ध, विखण्डनकारी अमेरिकी लबीका सीके राउतलाई पुरस्कार, ओलीको हातमा असीमित अधिकार, त्यसमा प्रतिपक्ष दलका नेता देउवाको संलग्नता, जनतामाथि भय र त्रासको राज अमेरिकी रणनीति प्रयोगका असर र परिणामहरू हुन् । यसलाई चिरेर अघि बढ्न एक अग्रगामी, क्रान्तिकारी, देशभक्त, प्रगतिशील, राष्ट्रवादी तथा वामपन्थी शक्तिहरूको एक खुल्ला संयुक्त मोर्चा बनाएर असंलग्न परराष्ट्र नीति अनुरूप अघि बढ्नु जरुरी भइसकेको छ । यसका लागि राजधानीको टुँडीखेलमा एक वृहद् राष्ट्रिय जनसम्मेलन वा भेलाको आयोजना हुन जरुरी भइसकेको छ ।

## देजमोको...

जनप्रदर्शन गरेर नेपालको राजतन्त्रका विरुद्ध नारा लगाएको दिन हो र यसकै दबाबमा नेपाली कांग्रेस र तत्कालिन माले लगायत अन्य केही दक्षिणपन्थी संशोधनवादीहरूको मोर्चा 'वाममोर्चा'ले दरबारमा गएर चैत्र २६ गते राजासित सम्झौता गरेर देशमा बहुदलीय संसदीय व्यवस्थाको पुनर्स्थापना गरेको दिन हो । चैत्र २६ गते ३० वर्से निरंकुश पञ्चायती व्यवस्थाको अन्त्यभएको दिन हो । यद्धपि अहिले देशमा राजतन्त्रको अन्त्यभएर गणतन्त्र स्थापना भएको छ ।

२०४७ को चैत्र २४ गते जनआन्दोलनको उत्कर्षको दिन हो, जुन दिनको क्रान्तिकारी कम्युनिस्टहरूका लागि ऐतिहासिक महत्व छ । यही ऐतिहासिक जनआन्दोलनको दिन देशभक्त जनगणतान्त्रिक मोर्चाको आव्हानमा काठमाडौंको भृकुटी मण्डप प्रदर्शनीमार्गमा विराट जनप्रदर्शनका साथ त्यसको प्रथम राष्ट्रिय सम्मेलन सुरु भएको छ ।

देजमोले यो आन्दोलनलाई अग्रगामी परिवर्तन चाहने सबै नेपालीको साझा कार्यक्रमका रूपमा अघि बढाउन चाहेको छ । जसका लागि फेरि अर्को ऐतिहासिक जनआन्दोलनको आवश्यकता छ । विगतका आन्दोलनभन्दा यो आन्दोलन बिल्कुलै फरक हुनेछ किनभने अवको यो आन्दोलनले लिने दिशाभनेको संसदीय व्यवस्थाको पूर्ण उन्मूलनका साथै संघीय जनगणतन्त्र नेपालको स्थापना हुने छ । यसका लागि सबै खाले प्रतिक्रियावादी व्यवस्थाको उन्मूलन आवश्यक पर्दछ । आजसम्म नेपाली कम्युनिस्टहरूले नेपालका हरेक परिवर्तनका लागि त्याग तपस्या र बलिदान दिएका छन् । तर, अन्त्यमा, त्यसको प्रतिफल देशभित्रका र देशबाहिरका प्रतिक्रियावादी तत्वहरूले लिँदै आएका छन् । के स्पष्ट हो भने नेपालको सन्दर्भमा वर्तमानको संघीय लोकतान्त्रिक गणतन्त्रको अग्रगामी विकल्प संघीय जनगणतन्त्र नै हो । जसका लागि वर्तमान नेपालको संविधान २०७२ एउटा पश्चगामी संविधान हो र अहिलेको ओली सरकार कम्युनिस्ट नामको प्रतिक्रियावादी सरकार ती सबैको रक्षाकबज भएर सरकारमा छ र त्यसले लोकतान्त्रिक पद्धतीलाई ध्वस्त बनाउदै देशमा एउटा फासिस्ट सरकार सञ्चालन गर्न खोज्दैछ ।

गत संसदीय निर्वाचनमा दुईतिहाई मतप्राप्त गरेको दम्भ अहिले ओली सरकारले जताततै प्रदर्शन गर्न थालेको छ । जसको पछिल्लो परिणाम विप्लव नेतृत्वको नेकपा माथिको प्रतिवन्ध हो । त्यसलाई पनि माथगर्दै ओली सरकारका गृहमन्त्रीको आदेशमा देजमोले आफ्नो प्रथम राष्ट्रिय सम्मेलनको प्रचारप्रसार गर्ने क्रममा मोर्चाका नाराहरूको भित्ते लेखनमाथि दमन गरेको छ र ओलीका प्रहरीहरू भन्दै छन्-"क्रान्तिकारी माओवादीलाई भित्ते लेखन गर्न नदिनु भन्ने माथिको आदेश छ ।"त्यो माथि भनेको कि त गृहमन्त्रीको आदेश हो कि त प्रधानमन्त्रीको । तर ती सबैलाई च्यातचुत पार्दै आखिरमा देजमोले आफनो ऐतिहासिक प्रथम राष्ट्रिय सम्मेलन सानदार रूपमा सफल गरेको छ ।

ओली सरकार बनेको लगत्तै पछि २०७४ फागुन २५ गते देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको उच्चस्तरीय प्रतिनिधिमण्डलले बालुवाटारमा प्रधानमन्त्री ओलीलाई राष्ट्रियता, जनतन्त्र र जनजीवीकासंग सम्वन्धित ९४बुँदाको ज्ञापनपत्र बुझाएको थियो । तर ओली सरकारले आफ्नो प्रतिवद्धतालाई विर्सेर झन ती मागहरूका विपरित कामहरू गरिहेको छ । मानौ ऊ एउटा मत्ताहात्ति हो, जसले कसैको स्वर सुन्न चाहदैन र अगाडि भेट भएका सबैलाई तहसनहस पार्दै अगाडि बढदछ । उसका लागि अहिले संविधान पनि आफै भएको छ । देश र जनता सबै आफै । यो भनेको हिटलर र मुसोलिनीको पदचापको अनुशरण हो । यसरी ती तानाशाहरूको अन्त्य जसरी भयो ओलीको सरकारको अन्त्य पनि त्यही हुने छ यदि फासिस्ट बन्ने सपना नछाडे ।

ओली सरकार एकातिर 'कम्युनिस्टहरूको ऐतिहासिक बिजय'को सज्ञा दिंदै 'अब समाजवादको यात्रा अघि बढेको' भन्दै छ भने अर्कोतीर देशभित्र लगानी प्रवर्द्धन गर्न विदेशी दलाल तथा एकाधीकार पुँजीवादका हतियार 'बहुरास्ट्रिय कम्पनीहरू'का लगानीका लागि हारगुहार गरिरहेको छ । यसले यो सरकारको समाजवाद एउटा प्रतिक्रियावादी समाजवाद- जसले इतिहासका यथार्थहरूलाई अंगीकार गर्न आनाकानी गर्दछ र जसले जनतामाथि भ्रम पारी रहन सर्वहारावर्गको मगन्ते झोलालाई आफ्नो झण्डा बनाउने गर्दछ । नेपालमा अहिले ओली सरकारले विगतको उसको सर्वहारावर्गीय मुक्तिको झोलालाई 'बहुरास्ट्रिय कम्पनीहरू'का लगानीका लागि हारगुहार गर्दै एउटा मगन्ते झोलालाई यो सरकारको विकासको झण्डा बनाएको छ । ओली र प्रचण्डले नेपाली जनतालाई ठग्न लगाएका नाराहरू-"सिंहदरवारको अधिकार गाउँगाउँ र समृद्ध नेपाल, सुखी नेपाली"ओलीको एक वर्से कार्यकालमै उल्टिएका छन् । जनता भन्दै छन्- "सिंहदरवारको भ्रष्टाचार गाउँगाउँमा र दरिद्र नेपाल, दुखी नेपाली" । माथि नै भनिसकियो-उसको समाजवाद अब 'बहुरास्ट्रिय कम्पनीहरू'का लगानीका लागि हारगुहार गर्ने एउटा मगन्ते झोलाभित्र थन्किएको छ ।

यहि परिप्रक्ष्यमा चैत्र २४ गते देशभक्त जनगणतान्त्रिक मोर्चाको काठमाण्डौमा सम्पन्न भएको विराट जनप्रदर्शनबाट देशमा एउटा नयाँ खालको परिस्थितिको आंकलनको सम्भावना टडकारो देखिएको छ । यसले देशमा आमूल परिवर्तनका लागि एउटा नयाँ कार्यक्रमको घोषणाको आवश्यकता परिमार्जन हुने निस्चित देखिएको छ । आम नेपाली, जसले अग्रगामी परिवर्तन चाहन्छन, चैत्र २४ गतेको देशभक्त जनगणतान्त्रिक मोर्चाको काठमाण्डौमा भएको विराट जनप्रदर्शनमा भौतिक तथा नैतिक सहभागिताका साथ उपस्थित जनाएका छन् । यो भावी क्रान्तिका लागि एउटा सुखद र राम्रो सन्देश हो ।

उक्त उद्घाटन समारोह र त्यसले अगाडि सारेका परिवर्तनका एजेण्डाहरू र समारोहका क्रममा घन्काइएका नाराहरूले के स्पष्ट पारेको छ भने नेकपा (क्रान्तिकारी माओवादी) को नेतृत्वमा गरिने क्रान्ति एउटा प्रतिक्रियावादी शासनसत्ताको स्थानमा अर्को प्रतिक्रियावादी शासन सत्ताको स्थापनान भई विद्यमान सत्तालाई ध्वंश पारि त्यसको चिहानमा अर्को नयाँ व्यवस्था-सही मानेमा जनताको व्यवस्थाको स्थापना हो । जनताको नाममा दलाल तथा नोकरशाहाहरूको हितमा कामगर्ने वर्तमान प्रतिक्रियावादी व्यवस्थाको अन्त्य र जनगणतन्त्र नेपालको स्थापना हो ।

*singhhukum683@gmail. com*

## मालेमावाद....

जहाँ गएर खान पाइन्छ, कमाउन पाइन्छ, मोज मस्ती गर्न पाइन्छ, त्यही गएर मोज गर, गोली ठोक देऊ क्रान्तिसृष्टि भन्ने शिक्षा दिएको छ । आज पार्टी शिक्षा पाएका दश वर्षे जनयुद्धमा देश, जनता र क्रान्तिको निम्ती ज्यान फालेर लागेका माओवादीका हजारौ नेता कार्यकर्ताहरू एमाले छिरेर संसदीय भाषमा डुबेर मोजमस्ती गर्न रमाइरहेका छन् । यही हो प्रचण्ड-बाबुरामको स्कुलिङको परिणाम र शिक्षा ।

ड्यास माओवादी दुवै क्रान्तिकारी माओवादीले आम पार्टी पंक्तिभित्र अब्बल दर्जाका नेता, कार्यकर्ताहरू निर्माण गर्ने उद्देश्यका साथ पार्टी स्कुलिङको व्यवस्था गर्ने, कोर्ष निर्माण गर्ने जस्ता राम्रै कामको थालनी गर्‍यो । यदाकदा रूपमा अर्थात छिटपुट रूपमा केन्द्रीय स्तर र राज्य तथा प्रदेशस्तरमा स्कुलिङ चलायो । तर त्यो योजनाबद्ध, व्यवस्थित र नियमित छैन । राम्ररी स्कुलिङ नचल्नु पछाडि, नेतृत्वको स्कुलिङप्रतिको उदासिनता र संकिर्णताले काम गर्दै आएको छ । नेतृत्व ले स्कुलिङका ठूला ठूला गफ गरेर पनि देशव्यापी रूपमा व्यवस्थित र योजनावद्ध ढंगले स्कुलिङ सञ्चालन गर्न चाहँदैन । जसकारण कारण कार्यकर्ताहरूको वैचारिक स्तर उठ्न सकिरहेको छैन ।

***क्रान्तिको थलो सहर र आधार गाउँ बन्ने छ***

पार्टीले जुन नेपाली क्रान्तिको कार्यदिशा जनयुद्धको जगमा सशस्त्र जनविद्रोह निर्क्योल गरेको छ, यसमा क्रान्तिको आधारभूत शरह नै बन्ने छ किनकी दस वर्षे जनयुद्ध गरेर पार्टी सहर केन्द्रित आन्दोलनको अवस्थामा आइपुगेको छ र शहरहरू क्रान्तिका लाल किल्ला बन्दै छन् । महान् दस वर्षे जनयुद्धले जनताको चेतनामा जुन विकास गर्‍यो ती ग्रामीण इलाकाहरू मात्रै नभएर राजधानी लगायत मुलुकका ठूला सहर चेतनाको सागर बन्न पुगेका छन् ।

यद्यपि औद्योगिक क्षेत्र टाट पल्टिएर बन्द हुँदै गएको अवस्था र दलाल पुँजीका कारण राष्ट्रिय पूजी र पुँजीपतिवर्गको उल्लेख्य विकास नभइरहेको अवस्था सृजना भएको भएता पनि नेपाली जनताको अत्यन्तै ठूलो हिस्सा अहिले सहरमा केन्द्रित हुन पुगेको छ र आजको विज्ञान र प्रविधिको विकासको कारणले पनि सबैलाई नजिक पुऱ्याइरहेको छ । श्रम बेचे जीवन निर्वाह गर्नेहरूको अत्यधिक संख्या अहिले सहर बजारमा उपस्थित छ र त्यो सबैभन्दा उपेक्षित र अभावबाट ग्रस्त छ । मुक्ति र आन्दोलन बाहेक अर्को उसको कुनै बाच्ने आधार छैन ।

***पार्टीलाई कसरी क्रान्तिकारी बनाई राख्ने ?***

क्रान्ति गर्नु छ भने क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी पार्टीको अनिवार्य आवश्यकता पर्दछ । यो नै मालेमावादको सार्वभौम सिद्धान्त हो । हामीसित मार्क्सवाद-लेनिनवाद-माओवाद जस्तो क्रान्तिकारी सिद्धान्त छ भने नवसंशोधनवादसित सम्बन्ध विच्छेद गरेर पुनर्गठन गरिएको नेकपा-माओवादी हुदै क्रान्तिकारी माओवादी नै नयाँ ढंगको क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गरिसकेका छौं र पार्टीलाई नेपाली क्रान्तिको निर्णायक नेतृत्व प्रदान गर्ने सर्वहारावर्गीय शक्तिका रूपमा स्थापित पनि गरिसकेका छौ किनभने पार्टी लेनिनवादी जनवादी केन्द्रीयतामा आधारित भएर बनेको पार्टी हो तर यसलाई फेरी पनि नयाँ बनाइराख्नु पर्दछ । क्रान्तिकारी( मालेमावाद) वनाइराख्न सकिन्छ ।

पार्टीलाई नयाँ वनाइराख्ने भनेको दुईलाइन सङ्घर्ष र विचारधारात्मक अर्थात् दुईलाइन सङ्घर्षलाई एउटा पद्धतिसंगत ढंगले सञ्चालन गर्ने र वैज्ञानिक ढंडले हल गर्ने पद्धतिको विकास गर्न जरुरी हुन्छ । पार्टी भनेको विपरितहरूको एकत्व हो । पार्टीभित्र चल्ने दुईलाइन संघर्षबाट पार्टीलाई नयाँ ढंगको कम्युनिष्ट पार्टी बनाउनका लागि आवश्यक मद्धत पुग्दछ । अर्को जानीराख्नु पर्ने कुरा के हो भने पार्टीलाई क्रान्तिकारी बनाईराख्नका लागि मार्क्सवाद-लेनिनवाद- माओवाद सैद्धान्तिक पथप्रदर्शक र क्रान्तिकारी कार्यदिशा सांगठनिक सिद्धान्त तथा कार्यशैलीको आलम्बन गर्न अनिवार्य रूपमा आवश्यक हुन्छ । र पार्टीलाई क्रान्तिकारी बनाइराख्नका लागि शुद्धीकरण तथा सुदृढीकरण अभियानहरू पनि सञ्चालन गरिनुपर्दछ ।

पार्टी स्कुलिङ्को व्यवस्था प्रभावकारी तुल्याउन र नयाँ स्कुलिङ विधिको विकास गर्न आवश्यक हुन्छ र पार्टी नेतृत्वलाई सर्वहाराकरण गर्दै लैजाने कार्यशैलीको विकास गर्न अनिवार्य आवश्यक हुन्छ यी सबै कुरालाई गम्भीरतापूर्वक ध्यान दिएर जीवन व्यवहारमा लागु गर्दै जाने हो भने पार्टीलाई सधैँ क्रान्तिकारी बनाईराख्न सकिन्छ । यो नै मालेमावादको सफल प्रयोग हो ।

## देजमो ७ नं....

विक, खिमा ज्ञवाली लगायत रहेका छन । भेलाको उद्घाटन प्रमुख अतिथि क्रान्तिकारी माओवादीका प्रदेश ७ इन्चार्ज चन्द्रहरी सुवेदी अटलले गरेका थिए । सुवेदीले अहिलेको केपी ओली सरकार नाम मात्रैको कम्युनिष्ट सरकार भएकोले जनताले दुःख पाईरहेको बताए । उनले अब देशभक्त मोर्चामा गोलबन्द हुँदै राष्ट्रियताको पक्षमा एक हुनु पर्ने भएकाले चैत्र २४ गते काठमाडौंमा हुने राष्ट्रिय सम्मेलनमा सहभागी हुन सबैलाई आग्रह गरे ।भेलामा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य क्षितिज लगायत पार्टी तथा मोर्चाका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

देजमो कञ्चनपुर र डडेलधुराको जिल्ला भेला सम्पन्न

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको कञ्चनपुर र डडेलधुराको जिल्ला भेला सम्पन भएको छ । कञ्चनपुरको भेलाले १७ सदस्यीय जिल्ला कमिटि चयन गरेको छ । भेलाले संयोजकमा बिष्णुराम दमाई र सदस्यहरू चन्दलाल चौधरी, उमेश चौधरी, शंकर विक, मदन बिष्ट, सन्देस पाण्डे, भोजराज भण्डारी, भिम चन्द, सुरज मल्ल, राम बहादुर चौधरी, दिपक महरा, सिद्ध राज भट्ट, भुवनसिंह धामी, दलबहादुर ठकुल्ला लगायत रहेका छन् ।कार्यक्रममा प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी) सुदुरपश्चिम ईन्चार्ज चन्द्रहरी सुवेदी अटल र अतिथिहरूमा देजमो सुप संयोजक राम बहादुर केसी, क्रान्तिकारी माओवादी कञ्चनपुर ईन्चार्ज क्षितिज, कञ्चनपुर सेक्रेटरी हरि सुवेदी, अखिल क्रान्तिकारी केन्द्रीय कमिटि सचिव राम बहादुर महरा लगायतका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

त्यसैगरी मोर्चाको डडेधुरा जिल्लाको भेलाले बमबहादुर सिंहको संयोजकत्वमा १७ सदस्यीय जिल्ला कमिटि निर्वा्चित गरिएको छ । जिल्लाको पर्शुराम नगरपालिका जोगबुडा लिपुलेक होटलमा सम्पन् भेलाले संयोजकमा बहादुर सिंह, सचिवमा गंगा राम बिक र सदस्यहरूमा मनोज भट्ट, धन बहदादुर थापा, प्रेम धामी, अर्जुन बराल, मणिक राज भट्ट, डम्मर ठकुराठी, सोभा भट्ट, ईस्वरी थापा, प्रेम रैकाल, राज बोहरा, खेम राज जोशी, गोरेक सिनाललगायतलाई चयन गरेको छ ।कार्यक्रममा प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी) सुदुरपश्चिम ईन्चार्ज चन्द्रहरी सुवेदी अटल र अतिथिहरूमा पार्टीका कञ्चनपुर ईन्चार्ज क्षितिज, देजमो केन्द्रीय सदस्य बिष्णुराम दमाई, पार्टीका डडेधुरा सेक्रेटरी लालकिरण लगायतका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । मोर्चाको चैत्र २४ को राष्ट्रिय सम्मेलनलाई लक्षित गरी अहिले ७ नं. प्रदेशका जिल्लाहरूमा मोर्चाका भेला तथा सम्मेलन तीव्र गतिमा भइरहेका छन् । प्राप्त जानकारी अनुसार आइतबारै मोर्चाको प्रदश भेला सम्पन्न भएको छ ।

## त्रिचन्द्रमा...

गते भृकुटी मण्डप जाऔं' भन्ने नारा लेखिसकेपछि प्रहरी त्यसैलाई मेटाउन प्रयास गररहेका थिए । उनीहरू 'क्रान्तिकारी माओवादीका कुनै पनि कार्यक्रमका नाराहरू लेख्न नदिने माथिको आदेश छ' भन्दै निरन्तर जाइ लागिरहेका थिए ।भित्तेलेखन अखिल (क्रान्तिकारी) का अध्यक्ष हरिकृष्ण गजुरेलको नेतृत्वमा गएको टिमले गरिरहेको थियो ।

## भेलामा...

तथा दैलेख जिल्लाका इन्चार्ज दिपक शाहीले बताए । नेता शाहीले विद्यार्थी नेता शाहीको अविलम्ब रिहाइका लागि जोडदार माग गरेका छन् । उनले तत्काल रिहाई नगरिए कडा प्रतिरोध गरिने समेत चेतावानी दिएका छन् ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौँ
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५०४३३२८, ९८०४६११०६
बिक्की शर्मा गुराँई- ९८५१११९५८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर | गाईघाट सम्पर्क नम्बर
[illegible] | [illegible]

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

रुद्रताल यातायात प्रा.लि.
ढोरपाटन-१, बुर्तिवाङ, बागलुङ

सुमो दिवा सेवा
बुर्तिवाङ, खरवाङ, हतिया, बागलुङ, पोखरा हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नं. ९८०२५१८६३
बुर्तिवाङ सम्पर्क ९८०२५१८६४
सुझाव र सल्लाहको लागि ०१-४३५२२२२ र ९८५१०४९९५१

सेवाहरू
बुर्तिबाङ-काठमाडौं दैनिक सेवा सहित घर-घरमा पुऱ्याउने व्यवस्थाको साथै नेपालभित्रको जुनसुकै गन्तव्य स्थलको धार्मिक यात्रा, शैक्षिक भ्रमण, निजी पारिवारिक भ्रमणका लागि गाडी चाहिएमा सम्पर्क राख्नुहोला ।

हिमाल-तराई यातायात सेवा समिति

यहाँ काठमाडौँबाट सिन्धुली, बर्दिबास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलबास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डुकाहासम्मको टिकट पाइन्छ।

टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)

| | |
|---|---|
| ०४७-५२११६९ | सिन्धुली |
| ९८४१०१६०४९ | ढकाल बाजे |
| ९८६०१०२६३८ | विश्व |
| ९८४४२५२३८५ | सानोभाई |
| ९८४११०६९६७ | संजीव |
| ९८४५७८४३०७ | प्रदीप |
| ०१-५१००४९४ | कोटेश्वर |
| ९८४४००९४०० | लाल बहादुर |

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार

## आलोपालो

# नेपालमा अमेरिका पसेपछि



● कुमार शाह ●

दुईतिहाई बहुमतप्राप्त सरकारका प्रधानमन्त्री केपी शर्मा ओली र प्रतिपक्ष दलका नेता शेरबहादुर देउवा अहिले देशमा सत्ता र शक्ति हत्याउने खेलमा एक ठाउँमा आइ पुगेका छन् । उनीहरू संयोग, प्राविधिक र राजनीतिक जिम्मेवारीका हिसाबले पनि एक ठाउँमा जुट्न पुगेका छन् । अमेरिका सिधै नेपालको भूराजनीतिक स्वत्वमाथि प्रभुत्व जमाउने रणनीतिका साथ प्रवेश गर्नु र ओली र देउवा सत्तापक्ष र प्रतिपक्ष भएर एउटा केन्द्र निर्माणको अवस्थामा आइपुग्नु नेपालका लागि गम्भीर खतरा बनेको छ ।

अमेरिकी खेमाका ओली-देउवा 'तैले पिटेको जस्तो गर्नु र म रोएको जस्तो गर्छु' भन्ने अवस्थामा छन् । ओली दुईतिहाईका नाममा आफ्नो हातमा असीमित अधिकार लिंदै गएका छन् भने देउवा आफ्नो बेफूर्सदीका कारण देखाएर संवैधानिक निकाय र परिषद्का वैठकहरूमा समेत् उपस्थिति हुन नसक्ने जनाउँ दिंदै ओलीको एकाधिकारको बाटो रातो कार्पेट बिछ्याइरहेका छन् ।

अमेरिकी रणनीतिअनुसार प्रतिपक्षको भूमिकाबाट कांग्रेसलाई पछाडी धकेलेर देउवाले चीनविरोधी गतिविधि सहज बनाउन ओलीलाई सघाइरहेका छन् । देउवाको यो तरिका नियोजित र योजनवद्धतामा छ । ओलीमा आफूले सत्ता हत्याउँदा हुनसक्ने परिणामको लेखाजोखा गर्ने हैसियत र क्षमतामा छैनन् । उनका वरिपरि अमेरिकाबाट प्रशिक्षित र निर्देशित जमातहरूको घेरा छ । रातदिन उनीहरूले ओलीको कानमा सत्ता हत्याउने मीठो धुन फुकिरहेका छन् ।

लोकतान्त्रिक मान्यता र संवैधानिक प्रावधानअनुसार संवैधानिक निकाय र परिषदमा प्रतिपक्ष दलका नेताको उपस्थिति अनिवार्य मानिन्छ । तर उसको उपस्थितिविना राजदूत, संवैधानिक अंगका प्रमुख र सदस्यहरू लगायतका सबै स्थानमा धमाधम नियुक्तिका कामहरू भएरहेका छन् । संविधान तथा ऐन र संहिताहरू अघोषित निलम्बनको अवस्थामा छन् ।

देशमा विना कुनै उचित कारण राज्यद्वारा एकतर्फी देशका नागरिकमाथि युद्ध थोपरिएको छ । यसको औचित्यता पुष्टि पनि गरिएको छैन । यसका बारेमा जनतालाई सार्वजनिक संबोधन पनि गरिएको छैन । देशका संविधान र ऐनहरू निलम्बित हुन पुगेका छन् । ओली सरकारले अमेरकी 'एन्टी टेरोरिष्ट एक्ट' अनुसार काम गरिरहेका छन् । उनी सेना पनि यसै बेला आफ्नो हातमा लिने तरखरमा छन् ।

राजनीतिक विश्लेषका अनुसार यदि सरकारलाई विप्लव नेकपा वा अरु कसैका गतिविधि अवाञ्छित लागेमा ती गतिविधि नियन्त्रण गर्न देशका नियम कानुनहरू पर्याप्त छन् । पार्टी माथि नै प्रतिबन्ध लगाएर एकतर्फी युद्ध थोपरेर अघोषित संकटकाल लगाउनु नै किन ? यावत् घटनाका पर्दा पछाडिका अनुत्तरित प्रश्नहरू 'खुला रहस्य'का रूपमा उद्घाटित भएका छन् । सामान्य जनताले समेत यी दुर्भाग्यहरूको सहज पूर्वाअनुमान गरिसकेका छन् ।

ओलीले राज्यका तर्फबाट श्वेत आतंक सिर्जना गर्दै जनताविरुद्ध युद्ध थोपरेको केही दिनभित्रै राज्यको सेना एउटा व्यक्तिको हातमा लिन तिकडम गरिरहेका छन् । विप्लवलाई सहयोग गर्नेहरूलाई पनि छोडिन्न भनेर आम जनतामाथि त्रास र आतंकको राज कायम गर्ने हर्कत गरिरहेका छन् ।

नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली हतारहतार अमेरिका गएर संझौता गरी अमेरिकी साम्राज्यवादी नीतिप्रति आफूहरूको संलग्नता जाहेर गरेर आएका छन् । यसले हालसम्म नेपालले प्रयोग गर्दै आएको 'असंलग्न परराष्ट्र नीति' खारेज गरिदिएको छ । अब ओली सरकारले चीन र भारतविरुद्धमा अमेरिकी पक्षधरताको वकालत गर्ने भएको छ । तिब्बती शरणार्थीहरूलाई 'फ्रि तिब्बत'को नारा लगाउने, प्रदर्शन गर्ने र शरण दिने भएको छ । यसवापत अमेरिकाले केही डलर सहयोग गर्ने र नेपालमा उद्योगधन्दा खोलिदिने आश्वासन पनि दिएको छ । यी सबै कुरा नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र असंलगन परराष्ट्र नीतिका विरुद्धमा अमेरिकी रणनीति अनुसार अघि सारिएका छन् ।

साँचो कुरा हो, नेपालमा संकट थियो र अझै छ पनि । त्यो संकट मूलतः राजनीतिक संकट नै हो । यो संकट देशलाई राजनीतिक निकास दिएर संघीयताको घुर्मैलो छायाँमा संसदीय व्यवस्थाको पुनर्स्थापना गरी निम्त्याइएको थियो । यसलाई क्रान्तिकारीहरूले अग्रगामी क्रान्तिकारी संकटमा बदल्न सकेनन् । आत्मगत स्थिति भएन । यथास्थितिवादी, संशोधनवादीहरूले यसलाई नाममात्रको संघीयताको घुम्टो ओढाएर जबर्जस्त घिसार्न खोजे । दुईतिहाईको हौवा फिँजाए । तर न त देश र जनताका समस्याहरू हल भए, न त नयाँ भनिएको व्यवस्थाले गति नै लियो । जनता र सरकार अलगथलग भए । देश घरेलु एकताका हिसाबले सबैभन्दा कमजोर र विघटित अवस्थामा रह्यो । अमेरिकी समर्थित सीके राउतहरूको उदयको बिजारोपण ठीक यसै पृष्ठभूमिमा हुन गयो ।

बाहिर केही नदेखिने तर भित्रभित्र कुहिने क्यान्सरको जस्तो भयाबह घरेलु अन्तर विरोध नियाल्दै भूराजनीतिक अवस्थितिमाथि कब्जाको दाउँ हेरेर बसिरहेको अमेरिकाले 'लामा नंग्रा र तीखा आँखा' अघि बढायो । ओली-दाहालसहितको सरकार र देशको मूलधार अमेरिकी खेमामा प्रवेश गर् यो । अमेरिकाले ओली सरकार मार्फत् देशको घरेलु अन्तरविरोधलाई अझ चर्कायो । देशको एकता र जातीय स्वायत्तताका पक्षधर रेशम चौधरीहरूलाई आजीवन काराबासको सजाय दिइयो, विखण्डनकारी सीके राउतलाई प्रधानमन्त्री ओलीले 'सीके र पीके एकै हुन् भनी साकक्षीको दर्जा दिए । राजनीतिक र वैचारिक रूपमा देशमा आमूल परिवर्तन गरिनु पर्छ भन्ने विप्लव नेकपालाई 'आतंककारी' घोषणा गरी एकतर्फी राज्य आतंक सिर्जना गरियो । एकतर्फी युद्धको घोषणा गरियो, त्यो पनि पूरै अमेरिकी डिजाइनमा चीन घेर्ने रणनीति अनुसार ।

विप्लव नेकपा माथिको प्रतिबन्ध भनेको अमेरिकालाई नेपालमा मुख छोप्ने पछ्यौरा मात्र हो । देशमा अघोषित संकटकालको घोषणा गरेर ओली सरकारले अमेरिकाको लाज छोपिदिएको छ । नेपाल आफ्नै कारणले भूराजनीतिक महत्व बोकेको देश भएको होइन । यो उदाउँदो महाशक्ति उत्तरी छिमेकी देश चीन र विश्वको उदाउँदो सबैभन्दा ठूलो ...बाँकी ७ पेजमा

## देजमो प्रदेश...

भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा प्रदेश इञ्चार्ज हरिभक्त कडेंलले अहिले देश भयाबह अवस्थामा फसेको र देशलाई यो अवस्थाबाट माथि उठाउनु पर्ने कुरामा जोड दिए । प्रशिक्षणत्मक कार्यक्रममा आफ्नो अनभूति राख्दै अतिथि कँडेलले वर्तमान अवस्थामा देशमा आएको राष्ट्रियता, जनतन्त्र, जनजीविकाका सवालहरू हल गर्न अब अग्रगामी बटो र विकल्पको खोजी गर्नुपर्ने कुरा बताएका थिए ।

यसै कुरालाई मध्यनजर गरेर पार्टीले तीन जादुगरी हतियारहरूको विकास गर्दै गएको र तीन जादुगरी हतियारमध्ये क्रान्तिकारी मोर्चालाई सुदृढ बनाउँदै लगिएको कुरामा जोड दिए । क्रान्तिकारी मोर्चाका रूपमा रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल क्रान्तिका तीन जादुगरी हतियार र संघर्षको साधन हो भन्दै यसले खुल्लाखालका र सरकारी दमनका बेलामा प्रतिरोधात्मक संघर्षका कार्यक्रमहरू पनि अघि बढाउने छ ।

देजमो एक नम्बर प्रदेशको भेलालाई नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्यहरू सिताराम बुढाथोकी, मनोज श्रेष्ठ, डिल्ली बोहरा लगायतको समुपस्थिति रहेको थियो ।

शुभकामना मन्तव्य जबसको तर्फबाट उमानाथ ढकाल, मोर्चाका तर्फबाट पारस लिम्बु, पार्टीक तर्फबाट मनोज श्रेष्ठ, सीताराम बुढाथोकी, डिल्ली बोहराले दिएका थिए भने कार्यक्रमको सञ्चालन शान्तिराम गिरीले गरेका थिए ।

## ३८ लेखकले...

११औं राष्ट्रिय सम्मेलनका लागि बनाइएका उपसमितिहरूमा कतै पनि नराखिनु, खास पार्टीहरूसँग सम्बन्ध नराख्ने सल्लाहकारहरू तथा पूर्वअध्यक्षहरूसँग कुनै पनि सरसल्लाह नगरिनु, विधानले कल्पनै नगरेको निर्देशन समिति गठन गरेर अवैध रूपमा खासखास पार्टी-प्रभुत्वलाई सिधै प्रलेस सञ्चालनको तजबिजी दिनु लगायत निर्णय र घटनाले प्रलेसलाई वैचारिक संस्थाका रूपमा विकास गर्ने नभइ सत्तारुढ दल र केही अवसरछोपुवा लेखकहरूको भिडका रूपमा अघि बढाएको देखिएको असन्तुष्ट समूहको आरोप छ ।

फरक विचार राख्ने, आलोचनात्मक चेत भएका, वैचारिक बहस उठाउने र अग्रगामी सांस्कृतिक आन्दोलनमा जोड दिने पंक्तिलाई निरन्तर निषेध गर्ने प्रवृत्तिले उत्कर्ष लिएको भन्दै वैचारिक तथा व्यावहारिक रूपमा प्रलेसको मूल नेतृत्वले ११औं सम्मेलनअगावै संगठनलाई एकलकाँटे, एकपक्षीय र उस्तै स्वार्थ मिल्नेहरूको अड्डामा बदलिसकेको समेत आरोप लगाइएको छ ।

वर्तमान सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थालाई अग्रगमनकारी यथार्थमा परिवर्तन गर्नका लागि साझा मञ्च निर्माणको पहल सुरु गर्न समेत असन्तुष्ट समूहले लेखक तथा साहित्यकारलाई आह्वान गरेको छ ।

प्रलेस परित्याग गर्नेहरुमा सल्लाहकार परिषद् सदस्यहरु आहुति, ईश्वरचन्द्र ज्ञवाली, प्रा.डा. जगदीशचन्द्र भण्डारी, प्रा.डा. ताराकान्त पाण्डेय, नारायण ढकाल, मित्रलाल पंज्ञानी रहेका छन् ।

केन्द्रीय पदाधिकारी तथा सचिवालय सदस्यहरुमा राजबहादुर कुँवर-वरिष्ठ उपाध्यक्ष, रोशन जनकपुरी- केन्द्रीय उपाध्यक्ष, विजयराज आचार्य- कोषाध्यक्ष (हालः राजीनामा), सरिता तिवारी- केन्द्रीय सचिव, राजु स्याङ्तान-सचिवालय सदस्य, सङ्गीत श्रोता-सचिवालय सदस्य केन्द्रीय सदस्य तथा राष्ट्रिय परिषद सदस्य, अनिल श्रेष्ठ-केन्द्रीय सदस्य, राष्ट्रिय परिषद् सदस्यहरुमा अर्जुनकुमार ढकाल, ईश्वरी ओझा, कल्पना चिलुवाल, खगेश्वर भण्डारी, गुरुङ सुशान्त, गोपाल वैद्य, गोविन्द काफ्ले, रमन पौडेले, विष्णुमाया न्यौपाने, विमला चन्द, शकुन्तला जोशी, शैलज पौडेल।स्वप्निल स्मृति र केन्द्रीय सदस्यहरुमा गौरी दाहाल, छायादत्त न्यौपाने, जीतबहादुर लामा, दीपक सापकोटा, परशुराम कोइराला, प्रमोद धिताल, मोदनाथ मरहट्ठा, यज्ञबहादुर डाँगी, वैजनाथ ठाकुर, विदुर वस्ती , विनोदविक्रम केसी रहेका छन् ।




नव वर्ष २०७६ को
उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
माननीय
श्री अर्जुन बहादुर थापा
सभामुख- प्रदेश नं. ७

नव वर्ष २०७६ को
उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
माननीय
श्रीमती देवकी मल्ल (थापा)
प्रदेश सदस्य क्षेत्र नं. २
बझाङ्ग

नव वर्ष २०७६ को
उपलक्ष्यमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नगर प्रमुख
घनश्याम गिरी
चन्द्रागिरि नगरपालिका परिवार
बलम्बु, काठमाडौं







प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।